मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

**सूचना**

संघीयताको महत्वपूर्ण सार: मानव बेचबिखन अन्त्यका लागि जिम्मेवार र सहकार्यसहित गरौं खबरदार ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २४ ◆ अङ्क : ३०० ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ भदौ ३० गते सोमबार (Monday, September 16. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## घरबहालमा बस्नेलाई बढी महशुल नउठाउन आग्रह

**काठमाडौँ, भदौ २९।** उपत्यकालगायत शहरी क्षेत्रमा घर बहालमा बस्नेलाई घरबेटीले मनलाग्दी विद्युत् महशुल लिएको विषयमा नेपाल विद्युत् प्राधिकरणले ध्यानाकर्षण भएको जनाएको छ ।

प्राधिकरणद्वारा आइतवार आयोजित पत्रकार सम्मेलनमा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले भने- प्राधिकरणसँग विद्युत् लिएर मनलाग्दी तवरले व्यापार नगर्नुहोस्, जति महशुल उठेको हो, सोही अनुसार मात्रै घर बहालमा बस्नेसँग महशुल लिनुहोस् । प्राधिकरणले २० युनिटसम्मको विद्युत्मा रु. ३० सेवा शुल्क लिएको छ भने प्रतियुनिट रु. तीनका दरले लिने गरेको छ । यस आधारमा २० युनिट विद्युत् प्रयोग गर्नेले रु. ९० महशुल तिर्नुपर्छ । यस्तै २१ देखि ३० युनिटसम्म सेवा शुल्क रु ५० र प्रतियुनिट रु. सातका दरले लिने गरेको छ । यस आधारमा रु. १२० महसुल तिर्नुपर्छ ।

यस्तै ३१देखि ५० युनिटसम्म विद्युत् खपत गर्ने ग्राहकले सेवा शुल्क रु. ७५ र प्रतियुनिट आठ रुपैयाँ ५० पैसाका दरले तिर्नुपर्छ । प्राधिकरणको महशुल दर अनुसार ५१ देखि १५० युनिटसम्म खपत गर्ने ग्राहकले सेवाशुल्क रु. १०० र प्रतियुनिट रु १० का दरले तिर्नुपर्छ । एक सय ५१ देखि २५० युनिटसम्म सेवा शुल्क रु. १२५ र प्रतियुनिट रु. ११,

*(बाँकी अन्तिम पृष्ठमा)*

# आयुर्वेद उपचार पद्धतिमा ब्रम्हलुट

## उपचारको क्रममा महिलाको मृत्यु, नियमनकारी निकाय बेखबर

**बिर्तामोड, भदौ २९।** आयुर्वेद उपचार पद्धति विश्वकै प्राचीन उपचार पद्धति हो । चिकित्सा विज्ञानले समेत आयुर्वेद उपचार पद्धतिलाई मान्यता दिएको छ ।

तर, उपचार गरिसक्दा निको हुनुपर्ने मानवीय चाहनाका कारण अहिले एलोपेथिक चिकित्सा पद्धतिप्रति मानिसको आकर्षण बढेको छ । पछिल्लो समय बिस्तारै आयुर्वेद क्षेत्रमा पनि दक्ष चिकित्सकले उपचार गर्न थालेसंगै आयुर्वेदप्रतिको विश्वास फेरि बढ्दै गइरहेका बेला झापाका केही आयुर्वेदिक क्लिनिक तथा फार्मेसीले बिरामीको स्वास्थ्यमाथि गम्भीर खेलवाड गरिरहेको तथ्य सार्वजनिक भएको छ ।

दमक नगरपालिकामा पायल्सको शल्यक्रिया गर्ने क्रममा एक युवतीको मृत्यु भएसँगै आयुर्वेद उपचारका नाममा क्लिनिक तथा फार्मेसीले विरामीको स्वास्थ्यमाथि गम्भीर खेलवाड गर्ने गरेको तथ्य खुलेको हो । दमक नगरपालिका-५ रातोपुलस्थित बरदान आयुर्वेदिक चिकित्सा केन्द्रमा पायल्सको शल्यक्रिया गर्ने क्रममा शनिबार दमक-९ निवासी १७ वर्षीया सुष्मादेवी चौधरीको मृत्यु भएपछि आयुर्वेदिक चिकित्साको नाममा बिरामीको स्वास्थ्यमाथि गम्भीर खेलवाड भइरहेको पाइएको हो ।

झापामा दर्ता नै नभएको बरदान आयुर्वेदिक चिकित्सा केन्द्रले युवतीको उपचार गर्ने क्रममा निधन भयो । कानूनतः बिना दर्ता क्लिनिक सञ्चालन गर्न पाइँदैन । तर, नियमनकारी निकायले समयमा अनुगमन नगर्दा दर्ता नभएको क्लिनिकमा उपचारका क्रममा युवतीको ज्यान गएपछि शुक्रवार र शनिवार दमक दिनभर तनावग्रस्त बन्यो ।

विवरण अनुसार शुक्रबार चौधरीको पायल्सको शल्यक्रिया गर्न डा. प्रकाश लिम्बूले युवतीलाई वेहोस बनाउन 'जाइलोकिन' नामक औषधि प्रयोग गरेका थिए । औषधिसहितको इन्जेक्सन लगाए लगत्तै उनी वेहोस भएकी थिइन् । लामो समयसम्म उनी होस्मा नआएपछि तत्काल थप उपचारका लागि लाइफलाइन अस्पताल लगिएको थियो । तर, उनको बाटैमा मृत्यु भएपछि मृतकका आफन्तले उपचारमा संलग्न चिकित्सकलाई कारवाहीको माग गर्दै आन्दोलन गरेका थिए ।

बिमारीको मृत्यु लगत्तै इलाका प्रहरी कार्यालय दमकले डा. लिम्बूलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए । उनका अनुसार बिना दर्ता सञ्चालित चिकित्सा केन्द्रका सञ्चालकलाई समेत नियन्त्रणमा लिइएको प्रहरी नायव उपरीक्षक श्रेष्ठले बताए ।

यता इलाका प्रहरी कार्यालय दमकका प्रहरी नायव उपरीक्षक श्यामल सुब्बाले भने उनीहरुलाई प्रारम्भिक सोधपुछका लागि मात्रै नियन्त्रणमा लिइएको बताएका

*(बाँकी अन्तिम पृष्ठमा)*

## विप्लवका सेक्रेटरीले गरे पार्टी परित्याग

**इलाम, भदौ २९।** नेत्र विक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका तत्कालीन इलाम जिल्ला सेक्रेटरी दीपेन राईले पार्टी परित्याग गरेका छन् ।

उनले पार्टी परित्याग गरी सत्तारुढ नेकपामा प्रवेश गरेको घोषणा गरेका छन् । बिज्ञप्ति जारी गर्दै राईले विप्लव नेतृत्वको पार्टी परित्याग गरेको र नेकपामा प्रवेश गरेको घोषणा गरेका हुन् । उनलाई गत चैत २० गते झापाको विर्तामोडबाट प्रहरीले पक्राउ गरेको थियो । उनी अहिले इलामस्थित कारागारमा छन् ।

जिल्ला अदालत इलामले उनलाई एक लाख ५५ हजार रुपैयाँ धरौटी माग गरेको छ । धरौटी बुझाउने प्रक्रियामा रहेको उनका बाबु हेमप्रसाद राईले जानकारी दिए ।

## बुबालाई खुकुरी प्रहार

**झापा, भदौ २९।** बुबालाई खुकुरी प्रहार गर्ने छोरा आइतवार पक्राउ परेका छन् ।

२४ वर्षीय शिवहाङ राईले घरायसी विवादमा ५५ वर्षीय बाबु रामकुमार भनिने चन्द्रबहादुर राईलाई खुकुरी प्रहार गरेको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## तेलपानीमा ७१ लाखको सस्पेन्सन पुल

**इलाम भदौ २९।** पूर्व प्रधानमन्त्री एवम् नेकपाका बरिष्ठ नेता झलनाथ खनालले गाउँठाउँको प्रगतिको लागि भौतिक पूर्वाधारको बिकास हुनुपर्ने बताएका छन् ।

पढेलेखेका मानिसले काठमाडौमा जागिर खाने परम्परा तोड्नुपर्ने बताउँदै पूर्व प्रधानमन्त्री खनालले अबको शिक्षा कृषिको बिकास गर्ने हुनुपर्नेमा जोड दिए । इलामको रोङ गाउँपालिका -५ र ६को बीचमा पर्ने तेलपानी खोलामा निर्माण सम्पन्न भएको भालुखोप सस्पेन्सन पुलको उद्घाटन गर्ने क्रममा पूर्व प्रधानमन्त्री खनालले सो कुरा बताएका हुन् । पूर्व प्रधानमन्त्री खनालले तीन तहको सरकारका कारण बिकास निर्माण सहज भएको धारणा राखेका थिए ।

त्यस अघि रोङ-५का वडाध्यक्ष युवराज खाप्तुवा राई, नेकपा रोङका अध्यक्ष बृहस्पति खतिवडा, माई नगरपालिकाका मेयर दीपक थेबे लगायतले पनि बिकास

*(बाँकी अन्तिम पृष्ठमा)*

**आयुर्वेद औषधि क्लिनिक बिक्रीमा**

झापाको बिर्तामोडमा सञ्चालित सताक्षी आयुर्वेदिक क्लिनिक तु–बिक्रीमा ।
**सम्पर्क – ९८५२६७९७३१, ९८५२६५२३४८**

**जग्गा बिक्रीमा**

झापाको बिर्तामोडस्थित मुक्तिचौक नजिकै महेन्द्र राजमार्गले छोएको व्यवसायिक प्रयोजनका लागि अति उपयुक्त आकर्षक चार कठ्ठा जग्गा तु–बिक्रीमा रहेको हुँदा इच्छुक व्यक्ति वा संस्थाले सिधै सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
**सम्पर्कः ९८०९१०५१०५**

**शिवगञ्ज बहुमुखी क्याम्पस, शिवगञ्ज झापाको**

**आंशिक शिक्षक पदपूर्ति सम्बन्धी विज्ञापन**

**प्रथमपटक प्रकाशित मिति : २०७६।५।२६**

यस शिवगञ्ज बहुमुखी क्याम्पस, शिक्षक छनौट समितिको मिति २०७६।०५।२५ गतेको निर्णय अनुसार निम्नानुसार करारमा शिक्षक पदपूर्ति गरिने भएको हुँदा योग्य नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

| क्र.सं. | विज्ञापन नं. | पद संख्या | पद/ किसिम | न्यूनतम शैक्षिक योग्यता | तलब स्केल |
|---|---|---|---|---|---|
| १. | ०१/०७६/०७७ | १ (एक) | शिक्षक/ आंशिक (कम्तीमा २ घण्टी/ २ विषय) | व्यवस्थापन संकायमा स्नातकोत्तर तह न्यूनतम द्वितीय श्रेणीमा उत्तीर्ण | सञ्चालक समितिको निर्णयानुसार |

४) **नागरिकबाट दरखास्त आबद्ध दरखास्त बुझाउने समय :** विहान ७:३० बजे देखि ९:०० बजेसम्म ।
५. **दरखास्त दिने अन्तिम मिति :** २०७६।०६।१० गते विहान ९:०० बजेसम्म ।
६. **परीक्षा दस्तुर :** रु.२,०००।– (दुईहजार मात्र)
७. **सम्पर्क मिति :** २०७६।०६।१० गते शुक्रवार दिउँसो १:३० बजे ।
८. **परीक्षाको किसिम :** लिखित र प्रयोगात्मक ।
९. **आवश्यक कागजातहरु :**
क) शैक्षिक योग्यताको प्रमाण–पत्रका प्रतिलिपिहरु
ख) नागरिकताको प्रमाण–पत्रको प्रतिलिपि
ग) अनुभवको प्रमाण–पत्रका प्रतिलिपिहरु
घ) पासपोर्ट साइज फोटो २ प्रति ।
ङ) सबै कागजातहरुको एक फायल तयार गरी बुझाउनुपर्ने ।
१०. आवेदन दिन र परीक्षामा सामेल हुन आउँदा सक्कल प्रमाण–पत्रहरु ल्याउनुपर्नेछ ।
११. म्याद नाघी आएको दरखास्त बदर हुनेछ ।
१२. परीक्षा मिति, समय र स्थान सम्पर्क मितिका दिन तोकिनेछ ।

**सुमन काफ्लेः क्याम्पस प्रमुख**

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**

पानीटंकीको पहिलो गल्ली बायाँ साइड

सम्पर्क : निशान्त– ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

**प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना**

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडमा स्नातक तह व्यवस्थापन संकायतर्फ **चार बर्षे वीवीएस प्रथम (4 yrs BBS First Year)** बर्षमा विद्यार्थी भर्ना खुलेको सम्पूर्ण विद्यार्थी तथा अभिभावकहरुमा जानकारी गराउँदछौं ।

**विद्यार्थी भर्ना आवेदन फारम कलेज प्रशासनबाट वितरण भइरहेको छ ।**

सम्पर्कः **प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट**
बिर्तामोड–१, झापा (फोन नं. ०२३–५४०४४३, ५४०१९५)

EXPERT EDUCATION & VISA SERVICES

के तपाई उच्च शिक्षाका लागि **अष्ट्रेलिया** जाने सोचमा हुनुहुन्छ ?

**अष्ट्रेलियन एजुकेशन सेमिनार**

आज २०७६ भाद्र ३० गते, सोमबार
स्थानः एक्सपर्ट अफिस प्राङ्गण
समयः बिहान ११ बजे – बेलुका ४ बजे सम्म
FREE ENTRY

आउनुहोस् अष्ट्रेलियाका विभिन्न शैक्षिक संस्थाका प्रतिनिधिहरुसँग प्रत्यक्ष परामर्श लिई आफ्नो शैक्षिक करियर उत्कृष्ट बनाउनुहोस् ।

Participating Institutions: Southern Cross University Australia (CRICOS: 01241G) · Torrens University Australia · Holmes Institute · NSW TAFE · Box Hill Institute · Brighton College · Federation University Australia · gba

**Expert Education & Visa Services** 023 546025 / 546026
Level 2, Quality Computer Building, Bhadrapur Road, Birtamod, Jhapa
E: birtamod@experteducation.com.au • www.experteducation.com.au

## अभिनेता पत्नीसहित पक्राउ


**मुम्बई, भदौ २९।** सन् ९०को दशकमा 'छल' तथा 'फिर वैसा भि होता है २' फिल्ममा गरेको भूमिकाबाट आफ्नो परिचय स्थापित गरेका प्रशान्त नारायणन र उनकी पत्नीलाई जेल पठाइएको छ ।

'मर्डर २'मा खलनायक रहिसकेका प्रशान्त र उनकी पत्नीलाई जालसाझीको आरोपमा जेल पठाइएको हो । उनीहरूका पतिपत्नीले मलयालम सिनेमाका एक निर्मातालाई १.२० करोड भारू ठगेको उजुरीपछि केरल प्रहरीले पक्राउ गरेर न्यायिक हिरासतका लागि जेल पठाएको हो । उनीहरूले थोमस पेनिकर

*(बाँकी अन्तिम पृष्ठमा)*



## राजेन्द्रलाई मातृशोक



**बिर्तामोड, भदौ २९।** ढकाल बन्धु हित तथा बंशावली एकीकृत समाजका केन्द्रीय सदस्य एवम् झापा अध्यक्ष राजेन्द्रकेशर ढकाललाई मातृशोक परेको छ।

ढकालकी माता अविमायाको ९१ बर्षको उमेरमा उपचारका क्रममा मेची अञ्चल अस्पताल भद्रपुरमा आइतवार निधन भएको हो। हाल बिर्तामोड-५मा स्थायी बसोबास गर्दै आएका राजेन्द्रकेशरका साथ रहेकी उनका राजेन्द्र र देवेन्द्र दुई छोरा, बिमला, इन्दु, अन्नपूर्णा र सीता चार छोरी रहेका छन्। पाँचथरको फिदिममा वि.स. १९८६ भदौ ११ गते जन्मिएकी अविमायाका पति कृष्णबहादुरको वि.स. २०५६ सालमा निधन भएको थियो।

झापाका विभिन्न विद्यालयहरुमा प्रधानाध्यापक, शिक्षकका रुपमा सेवा गरेका राजेन्द्रकेशर अर्जुनधारास्थित फूलबारी माध्यमिक विद्यालयबाट सेवा निबृत्त भएका थिए। राष्ट्रिय मानवअधिकार आयोगसँग सम्बद्ध उनी विभिन्न सामाजिक संस्थाहरुमा समेत क्रियाशील छन्। स्व. अविमायाको अन्त्येष्टि सोमवार ११ बजे कनकाई नदीमा गरिने पारिवारिक स्रोतले जनाएको छ।

# सहाराको पुँजी २५ अर्ब पुर्याइँदै

**बिर्तामोड, भदौ २९।** सहारा नेपाल सहकारी संस्था लिमिटेड बिर्तामोडले वि.स. २०८०सम्ममा संस्थाको पुँजी २५ अर्ब रुपैयाँ पुर्याउने भएको छ।

पाँच हजार युवालाई स्वरोजगार बनाउने लक्ष्यसहित अघि बढेको सहकारीले प्रत्येक वर्ष संस्थागत पुँजी बृद्धि गर्दै २०८० सम्ममा सहकारीको पुँजी २५ अर्ब रुपैयाँ पुर्याउने सहकारीका कार्यकारी निर्देशक महेन्द्रकुमार गिरीले जानकारी दिए। गिरीका अनुसार सबै सदस्यहरुलाई स्वास्थ्य सेवा, तीन हजार विपन्न सदस्यलाई आवास, कार्य क्षेत्रभित्र रहेका पालिकाका स्वास्थ्य संस्थालाई निःशुल्क एम्वुलेन्स, १५ हजार सदस्यलाई कृषि र पशुमा सहयोग गर्दै सफल कृषक/उद्यमी बनाइने छ।

दुई लाख सहकारीका सदस्य बनाउँदै एकल, ज्येष्ठ, अनाथ र अशक्त सदस्यहरुलाई सामाजिक सुरक्षामा योगदान दिने र स्थानीय तहसँग सहकार्य गर्दै साझेदारीमा पालिकाभित्रका सर्वसाधारणलाई स्वरोजगारका कार्यक्रम सञ्चालन गरिने भएको छ। सहकारीले आर्जन गरेको नाफाको ७५ प्रतिशत रकम सदस्य र समुदायका लागि खर्च गरिने कार्यकारी निर्देशक गिरीले बताए। उनले भने-'जसका लागि सहकारीले अहिलेबाटै त्यसखाले कार्यक्रमको रोडम्याप बनाउँदैछ।'

यसैबीच एक लाख ४३ हजार ८ सय ५१ शेयर सदस्य पुर्याउँदै देशकै सबैभन्दा धेरै शेयर सदस्य भएको सहकारीका रुपमा आफूहरु स्थापित भएको सहकारीले दाबी गरेको छ। झापाको बिर्तामोड नगरपालिका-२ चारपानेमा मुख्य कार्यालय रहेको सहाराले अहिले ६५ वटा सेवा केन्द्रमार्फत पूर्वका ६ जिल्लामा सेवा प्रदान गर्दै आएको कार्यकारी निर्देशक गिरीले बताए। गिरीका अनुसार सहकारीको संस्थागत पुँजी आठ प्रतिशतभन्दा माथि रहेको छ। आठ अर्ब ५६ करोड कूल पुँजी रहेको सहकारीको शेयर पुँजी मात्रै एक अर्ब २४ करोड रुपैयाँ रहेको कार्यकारी निर्देशक गिरीले बताए।

चार अर्ब ६१ करोड रुपैयाँ बचत रहेको सहकारीले ६ अर्ब ६५ करोड रुपैयाँ ऋण लगानी गरेको बताइएको छ। एक अर्ब १५ करोड रुपैयाँ जगेडा तथा अन्य कोषमा रहेको सहकारीमा बाह्य ऋण एक अर्ब ४४ करोड रुपैयाँ रहेको बताइएको छ।

सहकारीले आर्थिक वर्ष २०७५/०७६मा आयकर वापत एक करोड ५९ लाख ८३ हजार २ सय ८३ रुपैयाँ र अन्य विविध कर तीन करोड ६८ हजार ९ सय ६८ रुपैयाँ गरी चार करोड ६० लाख ५ हजार दुई सय २५ रुपैयाँ तिरेको सहकारीले जनाएको छ। वचत तथा ऋण सहकारीको क्षेत्रमा कारोवार गर्दै आएका सहकारीमध्ये सरकारलाई सबैभन्दा बढी कर तिर्ने सहकारी समेत सहारा नेपाल नै भएको दावी गरिएको छ।

सहकारीले अहिले आफ्ना शेयर सदस्यलाई जटिल प्रकारका रोग लागेको खण्डमा निःशुल्क उपचार गर्दै आएको छ भने मधुमेह, ब्लड प्रेसर, थाइराइड जस्ता रोग भएका सदस्यलाई जीवन बरदान कार्यक्रममा सहभागी गराई औषधि समेत वितरण गर्दै आएको छ।

वि.सं. २०८०भित्र सबै शेयर सदस्यको निःशुल्क उपचार गर्ने लक्ष्य लिएको सहकारीले अहिले जीवन बरदान कार्यक्रम लागू गरेपछि धेरै शेयर सदस्यलाई राहत मिलेको सहकारीका अध्यक्ष ताराप्रसाद सञ्जेलले बताएका छन्। उनले- अहिले सहकारीका शेयर सदस्यहरु जसलाई जटिल प्रकारको रोग लागेको छ, उसको उपचार निःशुल्क हुन्छ, तर २०८०देखि जस्तोसुकै रोग लागे पनि शेयर सदस्यको निःशुल्क उपचार गर्ने तयारी गरिरहेका छौं। जसका लागि विभिन्न अस्पतालसंग सहकार्य भइरहेको छ।

## मोहनमायाको सामाजिक परीक्षण प्रतिवेदन

**बिर्तामोड, भदौ २९।** मोहनमाया माध्यमिक विद्यालय बिर्तामोडले विद्यालयको सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक गरेको छ।

बाल दिवसको अवसरमा विद्यालयमा आयोजित कार्यक्रमकाबीच अभिभावक शिक्षक संघका अध्यक्ष देवीप्रसाद गिरीले प्रतिवेदन सार्वजनिक गरेका हुन्। आर्थिक वर्ष २०७५/०७६ को आयव्यय तीन करोड २५ लाख ४९ हजार चार सय ९२ रुपैयाँ दश पैसा वरावरको आम्दानी तर्फ र तीन करोड ११ लाख २३ हजार ६ सय ११ रुपैयाँ ५५ पैसाको खर्च विवरण सार्वजनिक गरिएको थियो।

बिर्तामोड नगरपालिका वडा नम्वर २ का अध्यक्ष नगेन्द्र संग्रौलाको प्रमुख आतिथ्य तथा विद्यालय व्यवस्थापन समिति अध्यक्ष नारायण राजवंशीको सभापतित्वमा कार्यक्रम भएको थियो।

परीक्षा विभाग प्रमुख भेषराज चम्लागाँईले स्वागत गरेको कार्यक्रममा प्रधानाध्यापक शेरबहादुर श्रेष्ठले शैक्षिक गतिविधि र भावी योजनाका विषयमा जानकारी गराएका थिए। पछिल्लो समय मोहनमाया मावि विद्यार्थीको रोजाइमा परेको भन्दै विद्यालयमा अझै पनि भौतिक संरचना, प्राविधिक शिक्षाका लागि आवश्यक उपकरणको अभाव रहेको बताउँदै उनले अभावका बीचमा पनि विद्यालयले शैक्षिक गुणस्तर सुधारका क्षेत्रमा फड्को मारेको बताए।

विद्यालयले प्रविधिमैत्री शिक्षाका लागि जोड दिएको बताउँदै प्रअ श्रेष्ठले गत वर्षबाट डिप्लोमा सिभिल इञ्जिनियरिङ कक्षाका पढाइ समेत शुरु भएको जानकारी दिए। बाल दिवसको अवसरमा विद्यार्थीले नाटक र नृत्य प्रस्तुत गर्दै आफ्नो कला कौशल प्रस्तुत गरेका थिए।

कार्यक्रममा बिर्तामोड नगरपालिकाका शिक्षा शाखाका केशरवहादुर खवास, विद्यालय व्यवस्थापन समिति पूर्व अध्यक्ष छविलाल खतिवडा, बिद्यार्थीकातर्फबाट पुनम अधिकारी लयागतले बोलेको हशिक्षक ज्ञानेन्द्रकुमार कर्णले जानकारी दिए ।

कार्यक्रमको सञ्चालन सहायक प्रधानाध्यापक भवानीप्रसाद राजवंशीले गरेका थिए।

### अभिनेता ...

नाम गरेका ती निर्मातालाई आफ्नो कम्पनीमा लगानी गरेमा सिनेमाको निर्देशक बनाइदिने भन्दै ठगी गरेको प्रहरीले जनाएको छ। प्रहरीले उनीहरूलाई मुम्बईबाट पक्राउ गरेर केरल लगेको छ। उनीहरूलाई २० सेप्टेम्बरसम्म न्यायिक हिरासतमा राखिनेछ।

### घरबहालमा ...

२५१ देखि ४०० युनिटसम्म खपत गर्ने घरायसी ग्राहकले सेवा शुल्क रु. १५० प्रतियुनिट रु. १२ र त्यसभन्दा माथि सेवा शुल्क रु. १७५ र प्रतियुनिट रु. १३ का दरले तिर्नुपर्ने व्यवस्था छ। सो महशुल पाँच एम्पियर विद्युत् लिने ग्राहकको हकमा लागू हुने गरेको छ। यस्तै १५ एम्पियर, ३० एम्पियर र ६० एम्पियरको महसुलमा भने सामान्य बढी मात्रै रहेको छ।

तर, शहरी क्षेत्रमा घर बहालमा बस्नेले मनलाग्दी शुल्क लिएको विषयमा गुनासो आएको भन्दै प्राधिकरणले विद्युत्मा अनावश्यक व्यापार नगर्न भनेको हो। घिसिङले भने- प्राधिकरणले तोकेकाभन्दा बढी दरमा महसुल असुल्नु गैरकानूनी हो, प्राधिकरणसँग तोकिएको दरमा किनेको विद्युत् त्योभन्दा बढीमा बेचेर व्यापार गर्न पाइँदैन। उनले त्यस्तो व्यवहारले प्राधिकरणप्रति नै नागरिकको धारणा गलत हुने भएकाले अनावश्यक व्यापार नगर्न र महशुल के कति हो सो आधारमा मात्रै महशुल तिर्न घरबहालमा बस्नेलाई आग्रह गरे।

### बुबालाई ...

शनिबार बेलुका भएको घटनालगत्तै फरार रहेका शिवहाङलाई प्रहरीले भैंसीपंखाको असिनेबाट पक्राउ गरी अनुसन्धान थालेको जनाएको छ। खुकुरी प्रहारबाट घाइते चन्द्रबहादुरको गर्धनमा अढाई इञ्च गहिरो चोट लागेको प्रहरीले जनाएको छ।

खुकुरी प्रहारबाट गम्भीर घाइते भएका चन्द्रबहादुरको जिल्ला अस्पतालमा उपचार हुन नसकेपछि थप उपचारका लागि धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी पाण्डवराज राजवंशीले जानकारी दिए।


**घर भाडामा**

होटल एण्ड लजको लागि घर भाडामा छ।

गणपति कम्प्लेक्स सुरुङ्गा (९८१६००६३७३


# केन्द्रीय नेता सच्चिनु पर्नेमा कार्यकर्ताको जोड

**बिर्तामोड, भदौ २९।** नेपाली कांग्रेसले 'हिमाल, पहाड, तराई, मधेस, नेपाली कांग्रेस' (हिपतम) भन्ने मुख्य नारासहित गत भदौ २४ गतेबाट शुरु गरेको जागरण अभियान ७७ जिल्लाका ३ सय ३० वटै क्षेत्रमा विभिन्न कार्यक्रमसहित सञ्चालन भइरहेको छ।

विशेष सामाजिक संवाद, सामाजिक बिकृति/विसंगतिविरुद्ध जागरण, कम्युनिष्ट नेतृत्वको सरकारले दुई बर्षे कार्यकालमा गरेका भ्रष्टाचार आदिका बारेमा कांग्रेस कार्यकर्ताले अभियानका क्रममा धारणा राखेका छन्। अभियानकै क्रममा झापाको क्षेत्र नं. १, २, ३, ४ र ५ नं. क्षेत्रका विभिन्न क्षेत्रमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। दोस्रो राष्ट्रिय जागरण अन्तर्गत झापा क्षेत्र नं. २ को प्रदेश क को गरामनीमा आइतबार आयोजित कार्यक्रममा कार्यकर्ताहरुले केन्द्रका नेता नसच्चिएसम्म पार्टी संगठन सुदृढ हुन नसक्ने निष्कर्ष निकालेका छन्।

प्रदेश क अन्तर्गत बिर्तामोड नगरपालिकाको वडा नं. ७, ८ र ९का कार्यकर्ता सहभागी सो जागरण अभियानमा प्रमुख प्रतिपक्षी दल कांग्रेसले राष्ट्रिय मुद्दाहरुमा आफूलाई खरो ढंगले प्रस्तुत गर्न नसकेको, कम्युनिष्ट सरकारले गरेका ठूला भ्रष्टाचार काण्डहरुमा पार्टी नेतृत्व विरोधमा बोल्न चुकेको, पार्टीभित्र इमान्दार र लगनशील कार्यकर्ता भन्दा पैसावाला र ठेकेदारहरुको बोलबाला चल्न थालेको अवस्थाले कांग्रेस कमजोर भएको कार्यकर्ताहरुको भनाइ थियो। तीन वटा वडाका तीन अलग-अलग समूह बनाई टोली नेताहरुबाट प्रस्तुत लिखित टिप्पणी र सुझावसहितको प्रस्तावलाई वडा नं. ७का लक्ष्मी ओली, ८का खेम सिटौला र ९का भोला पौडेलले प्रस्तुत गरेका थिए।

कार्यकर्ताबाट प्रस्तुत सुझावमा पार्टीका केन्द्रीय नेताहरु वडा र बुथ तहबाटै निर्वाचित भएर आउनुपर्ने, केन्द्रीय नेतालाई गरिएको आरक्षणको व्यवस्था खारेज हुनुपर्ने, पार्टीले उम्मेदवारी दिँदा पैसावाला र ठेकेदारभन्दा लामो समयदेखि पार्टीको सांगठानिक जीवनमा निरन्तर योगदान पुर्याएकालाई प्राथमिकता दिइनुपर्ने, नेताका महलमा धाउने भन्दा जनताका झुपडीमा रमाउनेहरुलाई पार्टी नेतृत्वले चिन्न सक्नुपर्ने, पार्टीका सबै भातृ तथा शुभेच्छुक संस्थाको बैधानिक अवधि सकिनु अगावै महाधिवेशन सम्पन्न गर्नुपर्ने, जनताका सुख दुःखमा पार्टी नेता कार्यकर्ता सहभागी हुनुपर्ने, किसानले भोग्नु परेका समस्याप्रति पार्टी संवेदनशील हुनुपर्ने रहेका छन्।

त्यसैगरी गुटबन्दीको अन्त्य हुनुपर्ने, पार्टीको सिद्धान्त नीति विचार, कार्यक्रम र अनुशासन सबैले पालना गर्नुपर्ने, दण्ड र पुरस्कारको व्यवस्था गरेर पार्टीभित्रको आन्तरिक लोकतन्त्रलाई थप सुदृढ बनाउन केन्द्रीय नेतृत्व सच्चिनुपर्ने, केन्द्र, प्रदेश र स्थानीयस्तरमा भएका भ्रष्टाचारकाविरुद्ध पार्टी नेतृत्वले जनताका बीचमा गएर भण्डाफोर अभियान सञ्चालन गर्नुपर्ने लगायतका सुझावहरु प्रस्तुत गरेका थिए।

नेपाली कांग्रेस क्षेत्र नं. २ प्रदेश क का सभापति धर्म लक्सम्बाको सभापतित्वमा भएको सो कार्यक्रममा प्रमुख अतिथि केन्द्रीय प्रतिनिधि बसन्त भट्टराईले बाध्यात्मक रुपमा लोकतन्त्र स्वीकार गरेका कम्युनिष्टहरुलाई लोकतन्त्रको सही अर्थ, मूल्य र मान्यता बुझाउन समय लाग्ने भनाइ राखेका थिए।

जिल्लाबाट खटिएका प्रतिनिधि पार्टी प्रचार विभाग प्रमुख कृष्ण हुमागाँईले सहजीकरण गरेको सो कार्यक्रममा विर्तामोड नगर सहसंयोजक भोला पौडेलले स्वागत मन्तव्य राखेका थिए। नेपाली कांग्रेस झापाका सभापति उद्धव थापा, क्षेत्रीय सभापति खगेन्द्र मैनाली, महाधिवेशन प्रतिनिधि भुमा घिमिरे, पार्टी प्रशिक्षण विभाग सचिव उमा शिवाकोटी लगायत १५० बढी क्रियाशील सदस्य सहभागी सो कार्यक्रमको सञ्चालन नगर सभापति भोजराज सिटौलाले गरेका थिए।

यसैगरी झापा क्षेत्र नं. २ प्रदेश ख को अर्जुनधारा नगरपालिका वार्ड ४, ५, ७, ८ का कांग्रेस कार्यकर्ताबीच सम्पन्न अन्तरक्रियाबाट पनि सुझाव संकलन गरिएको छ।

प्रदेश क्षेत्रीय सभापति किरण श्रेष्ठको सभापतित्व र केन्द्रीय प्रतिनिधि बसन्त भट्टराईको प्रमुख आतिथ्य तथा नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाको विशेष आतिथ्यमा सम्पन्न कार्यक्रममा प्रवक्ता तथा अनुगमन संयोजक लोकराज ढकालले ४ वटा समूहमा विभाजन गरी सुझाव संकलनका लागि सहजीकरण गरेका थिए।

कार्यक्रममा जिल्ला प्रतिनिधिहरु युवराज विमली, दीपक तामाङ, पुण्य ओझा, क्षेत्रीय सभापति खगेन्द्र मैनाली लगायतले बोलेका थिए। समूह विभाजन गरेर कार्यकर्ताको सुझाव लिइएको कार्यक्रममा स्वागत हेमराज खरेल र सञ्चालन डिल्लीराम सापकोटाले गरेका थिए।

यता झापा क्षेत्र नं. ३ को पथरिया र केचनामा बेग्लाबेग्लै कार्यक्रम सम्पन्न भएका छन्। कचनकवल गाविस अन्तर्गत साविक घेराबारी र पथरिया गा.वि.सका कार्यकर्तालाई समेटेर पथरियामा सम्पन्न अन्तरक्रिया कार्यक्रममा स्थानीय हर्क कन्दङ्वा, छविलाल अधिकारी, प्रभुलाल माझी, कमला सिटौला लगायतले सुझाव राखेका थिए।

क्षेत्र नं. ३ प्रदेश क का सभापति चिन्तामणि खरेलको सभापतित्व र केन्द्रीय प्रतिनिधि केदार कार्कीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा जिल्ला सदस्यद्वय कालेन्द्र राजवंशी र विजय रिजाल, क्षेत्रीय सभापति गणेश पोखरेल लगायतले जागरण अभियानको महत्वबारे प्रकाश पारेका थिए। लालमोहन राजवंशीले स्वागत गरेको कार्यक्रमको सञ्चालन गीता भट्टराईले गरेकी थिइन्। यसैगरी केन्द्रीय प्रतिनिधि, जिल्ला सदस्यहरु, क्षेत्रीय सभापति लगायतको आतिथ्य रहेको केचनामा सम्पन्न अन्तरक्रियामा परमानन्द राजवंशीले स्वागत गरेका थिए भने नुरजम्मा मिया, जब्बर राजवंशीलगायतले बोलेका थिए।

यसैबीच झापा क्षेत्र नं. १ प्रदेश ख को बुद्धशान्ति गाउँपालिका वडा नं. ५ र ६ मा बेग्ल बेग्लै अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। केन्द्रीय प्रतिनिधि विन्दिया कार्कीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा जिल्ला प्रतिनिधि राजेन्द्र भण्डारी, चक्र सेर्मा, बासुदेव खतिवडालगायतले बोलेका थिए। नेपाली कांग्रेस बुद्धशान्ति वडा नं. ५का नारायण दाहालको सभापतित्वमा भएको कार्यक्रममा स्वागत प्रदेश ख क्षेत्रीय सभापति सीता पोखरेलले गरेकी थिइन् भने सञ्चालन विष्णु न्यौपानेले गरेका थिए।

यसैगरी वडा नं. ६का सभापति रुद्र पोखरेलको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन पुष्कर पौडेलले गरेका थिए। सो कार्यक्रममा नवप्रवेशी कार्यकर्ता रोशन गजमेर र डम्बर लिम्बूलाई प्रमुख अतिथि विन्दिया कार्कीले साधारण सदस्यता प्रदान गरेका थिए।

यसैगरी झापा क्षेत्र नं. १को क अन्तर्गत मेचीनगर वार्ड नं. २ बाहुनडाँगीमा वडास्तरीय अन्तरक्रिया सम्पन्न भएको छ। केन्द्रीय प्रतिनिधि रमेशजंग रायमाझीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा नेका झापाका उपसभापति राम कट्टेल, जिल्ला सदस्यहरु राजेन्द्र रिजाल, पुष्प पौडेल, निरज घिमिरे, महाधिवेशन प्रतिनिधि दुर्गा खतिवडा, क्षेत्रीय सभापति मणि उप्रेती, लगायतको उपस्थिति रहेको कार्यक्रममा स्वागत प्रदेश क क्षेत्रीय सभापति हर्क फियाकले गरेका थिए। मेनपा-२ कांग्रेस सभापति कृष्ण रिजालको सभापतित्व सम्पन्न कार्यक्रमको सञ्चालन केशरवहादुर बस्नेतले गरेका थिए।

यसैगरी झापा क्षेत्र नं. ४ प्रदेश ख, कनकाई नगरपालिका सुरुङ्गास्थित कांग्रेस पार्टी कार्यालय र वडा नं. ३मा बेग्लाबेग्लै अन्तरक्रिया कार्यक्रम सम्पन्न भएका छन्।

सुरुङ्गास्थित पार्टी कार्यालयमा स्थानीय तहका जनप्रतिनिधि, नेपाली कांग्रेसबाट उम्मेद्वार भएका प्रतिनिधिहरुसँग छलफल कार्यक्रम सम्पन्न भएको छ। अन्तरक्रियामा निर्वाचित जनप्रतिनिधिलाई जनभावना बमोजिम कार्य गर्न सुझाव दिएका कार्यकर्ताले पार्टी र निर्वाचित प्रतिनिधिबीच सहकार्य र समन्वयको आवश्यकता औंल्याएका थिए। प्रदेश ख का क्षेत्रीय सभापति भीम राजवंशीको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन शिव कँडेलले गरेका थिए। केन्द्रीय प्रतिनिधि लोकप्रसाद संग्रौलाले समसामयिक राजनीति र कांग्रेसको भूमिकाका बारेमा आफ्नो धारणा राखेका थिए।

यसैगरी वार्ड नं. ३मा वार्डस्तरीय कार्यकर्ता भेला सम्पन्न भएको छ। वार्ड नं. ३का सभापति यदुप्रसाद अधिकारीको सभापतित्वमा सम्पन्न कार्यक्रममा कार्यक्रममाथि प्रकाश शिव कँडेलले पारेका थिए। केन्द्रीय प्रतिनिधि संग्रौला, जयनारायण साह, भीम राजवंशीलगायतले बोलेको कार्यक्रमको सञ्चालन गणेश पोखरेलले गरेका थिए।

उता झापा क्षेत्र नं. ४ प्रदेश क अन्तर्गत शिवसताक्षी नपा वार्ड नं. ८ र ११ मा संयुक्त अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। दीपेन्द्र सेन्दाङको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा महासमिति सदस्य भक्ति सिटौला, जिल्ला सदस्यहरु रतन थिङ्लावो, उत्तम चम्लागाई, सन्तोष मेनेङ्वो, चन्द्रवीर नेम्बाङ, नारायण बजगाई, चन्द्रमणि नेपाल पर्शुराम ढुङ्गाना लगायतको उपस्थिति रहेको थियो। प्रदेश क क्षेत्रीय सभापति कमल भण्डारीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेको कार्यक्रममा स्वागत ज्ञानेन्द्र न्यौपाने र सञ्चालन रविचन्द्र राईले गरेका थिए।

यसैगरी झापाको क्षेत्र नं. ५मा पेशागत संघ-संस्थाका प्रतिनिधिहरुसँग अन्तरक्रिया सम्पन्न भएको छ। समसामयिक राजनीति र केन्द्रीय समितिको म्यान्डेट अनुरुप स्थानीय प्राध्यापक, शिक्षक, चिकित्सक, वकिल, व्यापारी/व्यवसायी लगायत विभिन्न सामाजिक संघसंस्थाका अगुवाहरुसँग अन्तरक्रिया सम्पन्न गरिएको हो।

केन्द्रीय प्रतिनिधि विनोद राईको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेस झापाका उपसभापति राम कट्टेल, अग्रज नेता पूर्णानन्द शर्मा, महासमिति सदस्य दिलबहादुर बुढाथोकी, क्षेत्रीय सभपाति ढुण्डी भण्डारी, जिल्ला सदस्य मेनुका बुढाथोकी, नगर सभापति रोशन विष्ट, धर्मानन्द भट्टराईलगायतले धारणा राख्नुभयो। क्षेत्र नं. ५ प्रदेश ख का क्षेत्रीय सभापति पदम लिम्बूको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको क्षेत्रीय सभापति भण्डारीले जानकारी दिए।

यसैबीच झापाबाट केन्द्रीय प्रतिनिधि बनेर धनकुटा १, प्रदेश क मा गएका विश्वदीप लिङ्देनले धनकुटाका प्रजातान्त्रिक योद्धा तथा शहीद परिवारसँग भेटघाट गरेका छन्। शहीद भीमनारायण श्रेष्ठको परिवारसहित अग्रज प्रजातान्त्रिक योद्धाहरुसँग भेटघाट र भलाकुसारी गरिएको केन्द्रीय प्रतिनिधि लिङ्देनले जानकारी दिए।

### आयुर्वेद ...

छन्। उनले सो विषयमा जाहेरी नपरेकाले आफूहरुले डाक्टरलाई नियन्त्रणमा राख्न नमिल्ने बताए। आयुर्वेद उपचारका नाममा बिरामीलाई लुट्दा समेत नियमनकारी निकाय अहिले पनि बेखवर छ। उपचारकै क्रममा अनाहकमा ज्यान गुमाएकी चौधरी पछिल्लो प्रतिनिधि पात्र मात्रै हुन्।

जिल्लामा सञ्चालित आयुर्वेद फार्मेसीले औषधि मात्रै बेच्नुपर्ने भए पनि डाक्टर राखेर गैरकानूनी रुपमा विरामीको स्वास्थ्य माथि खेलवाड गर्दा समेत नियमनकारी निकाय भने वेखबर छ। जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुख रवीन्द्र निरौला भन्छन्-'क्लिनिकका रुपमा दर्ता भएका स्वास्थ्य संस्थाले मात्रै डाक्टर राखेर विरामी जाँच्न पाउँछन्। उनीहरुले चिकित्सकले सिफारिस गरेको औषधि मात्रै विक्री गर्नुपर्ने हुन्छ।' उनका अनुसार क्लिनिकको अनुगमन जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले गरे पनि फार्मेसीको अनुगमन भने औषधि व्यवस्था विभागले गर्नुपर्ने प्रावधान रहेको छ।

प्रमुख निरौलाका अनुसार जिल्लामा सञ्चालित २३ वटा आयुर्वेद स्वास्थ्य संस्थाले मात्रै सञ्चालनको अनुमति लिएका छन्। फार्मेसीले भने औषधि व्यवस्था विभागबाट सञ्चालनको अनुमति लिन्छन्- उनले भने- यस विषयमा हामीलाई जानकारी हुँदैन। जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र झापामा दर्ता भएका आयुर्वेद स्वास्थ्य संस्था मध्ये बिर्तामोडका धेरै छन्। बिर्तामोडमा मात्रै १३ वटा दर्ता छन् भने दमकमा ८, अर्जुनधारा र भद्रपुरमा एक-एक वटा छन्।

बिर्तामोडामा स्पार्क पूर्वाञ्चल अस्पताल प्रालि, बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, शिवम् आयुर्वेद क्लिनिक, आयुर्वेदिक काफ्ले क्लिनिक, सप्त गण्डकी अस्पताल प्रालि, तारा होमियोपेथिक क्लिनिक प्रालि, सुस्रुत अस्पताल प्रालि, ॐ धनवन्तरी आयुर्वेद क्लिनिक, सरस्वती होमियो पोलियो क्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर, रवीन आयुर्वेद क्लिनिक, आरोग्य योग तथा प्राकृतिक चिकित्सा केन्द्र, माता मनकामना आयुर्वेद क्लिनिक प्रालि र सताक्षी आयुर्वेद क्लिनिक सञ्चालनमा छन्।

त्यस्तै दमकमा झापा होमियोपेथिक मेडिकल सेन्टर, रीता होमियोपेथिक सेन्टर प्रालि, दमक होमियो क्लिनिक सेन्टर प्रालि, जनसेवा होमियो सेन्टर प्रालि, सुजन आयुर्वेदिक क्लिनिक, खनाल आयुर्वेदिक क्लिनिक, आदित्य आयुर्वेदिक क्लिनिक र पवित्रा आयुर्वेदिक क्लिनिकले सञ्चालनको अनुमति लिएका छन्।

यता अर्जुनधारामा आशिष आयुर्वेद स्वास्थ्य क्लिनिक र भद्रपुरमा निताई आयुर्वेद उपचार केन्द्र सञ्चालनमा रहेका छन्। उपचारका क्रममा बिरामीको मृत्यु हुँदा समेत जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र झापाले अहिलेसम्म पनि घटनाको विषयमा जानकारी लिएको छैन। दर्ताविहीन आयुर्वेद चिकित्सा केन्द्रमा महिलाको मृत्यु भएको २४ घण्टा बितिसक्दा समेत जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुख निरौलाले घटनाको विषयमा जानकारी नै नलिएको पूर्वाञ्चलसँगको टेलिफोन सम्पर्कमा स्वीकार गरेका छन्। उनले भने- 'स्थानीय तहले स्वास्थ्य संस्था नियमनको जिम्मा पाएपछि जिल्लाले त्यो विषयमा जानकारी लिएको छैन। स्थानीय तहले समेत आफूलाई सो विषयमा अहिलेसम्म जानकारी गराएका छैनन्।'

स्वास्थ्य सम्बन्धी धेरै अधिकारहरु स्थानीय तहलाई दिए पनि स्थानीय तहको नियमन तथा समन्वय गर्ने जिम्मेवारी निकाय अझैंपनि जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र नै हो। तर, अहिलेसम्म यस विषयमा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र नै बेखबर हुनुले स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा समेत जिम्मेवार निकाय मौन बसेको सरोकारवालाले बताएका छन्।

यता निमित्त प्रमुख जिल्ला अधिकारी कृष्णकुमार निरौलाले घटनाको विषयमा आफूलाई जानकारी आए पनि बिस्तृत रुपमा वुझ्न नपाएको बताए। उनले आफू जिल्लामा भर्खर आएको र सुरक्षा संयन्त्रको वैठक लगत्तै बिराटनगर जानुपरेकाले सो विषयमा गहन रुपमा बुझ्न नपाएको बताए। उनले घटनाको विषयमा गहन अध्ययन गर्ने र दोषी देखिए कानूनी कारवाहीको दायरामा ल्याउने बताएका छन्।

### तेलपानीमा ...

निर्माणको बिषयमा आ-आफ्नो धारणा राखेका थिए। केन्द्रबाट आएको अनुदान ६० लाख २५ हजार, रोङ गाउँपालिकाको ३ लाख ३४ हजार, समुदायको १ लाख ४२ हजार तथा नपुग अन्य दातृ संस्थाको सहयोगमा सो पुलको निर्माण सम्पन्न भएको उपभोक्ता समितिका अध्यक्ष बुद्धबीर राईले बताए। पुल निर्माणको लागि कूल लागत ७१ लाख ३ हजार ५ सय २८ रुपैयाँ ६७ पैसा लागेको थियो। १०८ मिटर लामो सो पुल निर्माण भएपछि रोङ-५ र ६का करिब १७ सय जनसंख्या लाभान्वित भएको उपभोक्ता समितिका सचिब नवीन तामाङले बताए।


**कर्मचारी आवश्यकता**

१) पञ्चकन्या हुँदै बाल्मीकि, मुक्तिचोक, कृषिथोक, शनिश्चरेरोड, मातामन्दिर, पुष्पलाल चोकसम्म पत्रिका वितरण गर्ने कर्मचारी चाहिएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला। (**तलबः ७०००+ बोनस गरेर १०,०००/-सम्म बचाउन सक्ने। आफ्नै मोटरसाइकल भएको हुनुपर्नेछ।**) **काम गर्ने समय बिहान ९ बजेसम्म।**

**मो. ९८०१४०४०००, ९८१६६४१५७३**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)



भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी

■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा

■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# विश्व ओजोन दिवस र हाम्रो अस्तित्व


**आज सेप्टेम्बर महिनाको १६ तारिख । आजको दिनलाई विश्व ओजोन दिवसका मनाइन्छ । सन् १९९५ देखि मनाउन थालिएको यो दिवस पृथ्वीको वातावरण र स्वास्थ्य बचाउनका लागि महत्वपूर्ण छ । यो पृथ्वीको वातावरणीय तहभन्दा पन्ध्रदेखि तीस किलोमिटर माथि रहेको त्यस्तो तह हो जसले सूर्यबाट आउने परावैजनी रंगको किरणलाई पृथ्वीमा सोझै छिर्न रोकेर पृथ्वीको रक्षा गर्छ । त्यही तह अहिले मानिसका क्रियाकलापका कारण पातलिँदै, कमजोर हुन थालेको छ । अव्यवस्थित औद्योगिकीकरण तथा रसायनको उच्च प्रयोगले ओजोन तह च्यातिन र नाश हुन थालेको छ । यदि त्यसलाई टाल्न, क्षय हुने क्रम रोक्न सकिएन मानव जाति, उसको सभ्यता र पृथ्वीमा भएका सम्पूर्ण जीव र वनस्पतिको अस्तित्व समाप्त हुने विज्ञहरुले चेतावनी दिएका छन् ।**

**पृथ्वीमा रहेका प्राणीहरु मध्येको सचेतनाका दृष्टिले सर्वोच्च भनिने मानिस यसको बारेमा गम्भीर हुनैपर्छ भनेर अहिले विद्यालय तहदेखि नै वातावरण शिक्षाको पढाइ गरिन्छ । पाठ्यक्रममै समावेश गरेर वातावरण र मानवबीचको सम्बन्ध देखाउन जनसंख्या र वातावरणका विषयमा शिक्षा दिइन्छ । मानव जीवनसँग निकट सम्बन्ध राख्ने ओजोन, जलवायु परिवर्तन, पारिस्थितिक प्रणाली हुँदै समग्र वातावरण बचाउन गर्नुपर्ने उपायका बारेमा पढाइन्छ । तर, पनि अव्यवस्थित बसोबास, क्रियाकलाप, रसायनको अधिकतम् प्रयोगले ओजोन तह प्रतिक्षण पातलिँदै गएको छ ।**

**कलकारखाना, सवारी, विलाशिताका वस्तुहरु, शरीरमा लगाइने गन्ध प्रतिरोधी स्प्रे, अत्तर, वातानुकुल गर्ने साधन लगायतका वस्तुले क्लोरोफ्लोरो कार्वन उत्सर्जन गर्दछन् । जसले ओजोन तहमा पञ्जुगेर सूर्यबाट आउने परावैजनी तहसँग मिलेर सुरक्षा कवचलाई कमजोर बनाउँछ । सूर्यबाट आएका हानीकारक किरणहरुले अनेक रोगहरु ल्याउने भएकाले पृथ्वीमा रहेका जलचर, थलचर प्राणीहरुको जीवनमा नकारात्मक असर ल्याउँछ र मानव अस्तित्व संकटमा पर्छ । त्यसका साथै मानवीय क्रियाकलापका कारण उत्पन्न फोहोरले पनि ओजोन तहलाई कमजोर बनाइरहेको छ । दुर्भाग्य भन्नुपर्ला विकसित देशहरुले उत्पादन गर्ने गरेका आणविक हतियार तथा त्यसको प्रयोगले हामी जस्ता विकासशील देशका बासिन्दाहरुले पनि ओजोन तहको विनाशको परिणाम भोग्नुपर्ने निश्चित छ ।**

**विकासको नाममा विनाशको यात्रामा हिंड्नु पक्कै पनि बुद्धिमानी होइन । त्यसैले हाम्रा क्रियाकलाप अर्थात् विकासका पूर्वाधार वातावरणमैत्री हुनुपर्दछ । त्यसो भएमात्र पृथ्वीको रक्षा कवचका रुपमा रहेको ओजोन तहको सुरक्षा हुनसक्छ । आफ्नो र आउँदो पुस्तालाई स्वच्छ, सुरक्षित र सुनिश्चित विश्व हस्तान्तरण गर्न हामी सबैमा चेतना जाग्नु पर्दछ । ओजोन तहको सुरक्षामै हाम्रो अस्तित्व सुरक्षित हुन्छ । यसतर्फ हाम्रा गतिविधि केन्द्रीत होस् र आजको दिनले फोहोर व्यवस्थापन, इन्धनको खपत कम हुने जीवनशैली र सादा जीवन बाँच्ने प्रेरणा दिओस् । यसमै विश्व ओजोन दिवसको सार्थकता भेटिने छ ।**

# नेपालका अल्पसंख्यकको भाषा र भाषा राजनीति



**तीर्थराज खरेल**

भाषा मानवीय वस्तु हो, भाषा समाजमा जन्मन्छ र समाजमा नै हुर्कन्छ। भाषा निरपेक्ष भएर कुनै पनि व्यक्ति र समाज रहन सक्दैन। भाषा मानवीय विचार आदान प्रदानको माध्यम हो। समाजका मानिसहरु भाषाकै माध्यमबाट भावनाहरुको साटासाट गर्दछन्। त्यसैले भाषालाई सामाजिक वस्तु हो भन्न सकिन्छ। भाषा विज्ञानले मानवीय उच्चारण अवयव (जिब्रो, ओठ, दाँत आदि)द्वारा उच्चारित सार्थक ध्वनि वा आवाजलाई मात्र भाषा भनेको मानिन्छ। त्यसैगरी भाषाका मौखिक र लिखित गरी दुई रुप हुन्छन्। भाषाको मौखिक रुप सुन्ने र बोल्ने प्रक्रियामा आधारित हुन्छ, अर्थात् भाषा सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बन्धित हुन्छ।

भाषालाई विभिन्न व्यक्तिहरुले आ-आफ्नै ढंगबाट परिभाषित पनि गरेको पाइन्छ। ब्याकरणकार पतञ्जलिका विचारमा मानवका उच्चारण अवयवद्धारा उच्चारित मानवीय अभिव्यक्ति नै भाषा हो भने ब्लुमफिल्डका विचारमा खास किसिमको उत्तेजनाको प्रतिक्रिया नै भाषा हो। हेनरी स्वीट उच्चरित ध्वनिहरुका माध्यमबाट गरिने विचारको प्रस्तुतिलाई भाषा मान्छन् भने आपसमा विचार विनिमय हुन सक्ने यादृच्छिक रुढ वाक् प्रतिक नै भाषा भएको आचार्य देवेन्द्रनाथ शर्माको विचार छ। त्यसरी नै मानवद्वारा निश्चित प्रयत्नका साथ स्वतः निस्कने सार्थक ध्वनि नै भाषा हो भनी भाषाशास्त्री भोलानाथ तिवारीले परिभाषित गरेका छन्।

वास्तवमा भाषा मानवीय र सामाजिक वस्तु हो र मानवीय उच्चारण अवयवद्वारा उच्चारित सार्थक ध्वनिलाई भाषा भन्न सकिन्छ । मानवीय व्यवहार गर्न विचार आदान-प्रदान गर्न तथा आवश्यकता पूरा गर्नकै लागि संसारमा धेरै भाषाहरु जन्मिएका छन्। नेपाल क्षेत्रफलका हिसाबले सानो भएता पनि यहाँ विभिन्न भाषा परिवारका एक सयभन्दा बढी मातृभाषा बोल्ने वक्ताहरु रहेको तथ्यबाट पुष्टि भएको छ भने एक सय २० भन्दा बढी भाषाहरु रहेको तथ्यांक छ।

नेपाल एक बहुभाषिक, बहुजातीय र बहुसांस्कृतिक मुलुक हो। यहाँ भारोपेली, चिनियाँ तिब्बती/भोटबर्मेली, आग्नेली, द्रविड जस्ता भाषा परिवारका भाषाहरु बोलिन्छन्। नेपालमा बोलिने भाषा परिवारहरु मध्ये धेरै वक्ताहरु रहेको भाषा परिवार भारोपली भाषा परिवार हो। भारोपेली भाषा परिवारभित्र नेपाली, मैथिली, भोजपुरी, अवधी, थारु, कुमाल, बोटे, अंग्रेजी, चुरौटी आदि रहेका छन्। भोट बर्मेली भाषा परिवार सबैभन्दा बढी भाषाहरु रहेको भाषा परिवार हो नेपालमा। यस भाषा परिवारभित्र तामाङ्ग, नेवारी, मगर, राई, लिम्बू, गुरुङ, शेर्पा, चेपाङ, थकाली, लेप्चा आदि भाषाहरु पर्दछन्।

आग्नेली भाषा परिवारमा सतार र सन्थाल पर्दछन् भने द्रविड परिवारको भाषा झाँगड तथा धाँगड हो। नेपाल सानो मुलुक भए पनि विभिन्न एक सयभन्दा बढी मातृभाषाका वक्ताहरु भएकाले यहाँ पर्याप्त भाषिक विविधता पाइन्छ। सबैभन्दा बढी वक्ता रहेको भाषा नेपालको नेपाली भएता पनि विभिन्न क्षेत्र जातजातिको बसोबासको बाहुल्य आदिका आधारमा अन्य भाषाहरुको पनि त्यतिकै महत्व पाइन्छ। भाषा विचार विनिमयको प्रभावकारी साधन हो। भाषा बिना मानव व्यवहार समृद्ध हुन सक्दैन। भाषाकै माध्यमबाट व्यक्तिले आफ्ना विचार तथा भावनाहरु एकअर्कामा साटासाट गर्दछन्। समाजले




भाषाकै माध्यमबाट आफ्नो परम्परा, रीतिरिवाज र संस्कृतिहरु एक पुस्ताबाट अर्को पुस्तामा सार्दै जान्छ। भाषा परिवर्तनशील हुन्छ परिवर्तन र परिष्कारले पनि भाषामा नवीनता ल्याउने भएकोले कुनै पनि भाषाको विकासको लागि पहल हुनु नितान्त जरुरी छ।

नेपालमा पहिचानको राजनीतिको प्रभाव गहिरोसँग जरा गाडेर बसेको छ। जातिकेन्द्रित र भाषा केन्द्रित राजनीतिको जग त्यति धेरै बलियो हुन सक्दैन। मानिससँग अभिन्न रुपमा गाँसिएको मातृभाषा लोप हुँदै गएको पीडा निकै कष्टकर हुन्छ। आज कतिपय भाषाहरु राजनीतिक, सामाजिक आर्थिक आदि कारणले संकटमा परेका मात्र छैनन्, लोपोन्मुख अवस्थामा पुगिरहेका छन् यस्तो अवस्था बढ्दै गएमा कतिपय भाषाहरुको अस्तित्व नै नरहने स्थिति देखिन्छ। त्यसैले भाषालाई समाजमा जीवन्त राख्न जरुरी हुन्छ। त्यसका निम्ति कसैको एक्लो प्रयास सफल नहुने भएकाले सामुहिक प्रयत्नका साथै सरकारी तहबाट पनि पहल हुनु जरुरी छ। अल्पसंख्यक भाषाको जगेर्ना र विकासका लागि नेपालमा सरकारी क्षेत्रबाट केही प्रयास अवश्यै भएका छन्। तर, ती प्रयत्नहरु त्यति प्रभावकारी छैनन्।

उदाहरणका लागि नेपालको पूर्वी पहाडी भेगमा बोलिने भोट बर्मेली भाषा परिवारमा पर्ने लिम्बू भाषाको प्रयोक्ताहरुको जनसंख्या जनगणना २०५८ अनुसार साढे तीन लाख रहेको छ। नेपालको पूर्व मेची र कोशीको पहाडी इलाका लिम्बू जातिहरुको बसोबास गर्ने ठाउँ र ती लिम्बू जातिले बोल्ने भाषानै लिम्बू भाषा हो। यस भाषाको प्रयोग क्षेत्र मेची र कोशीको पहाडी इलाका भए पनि भारतको दार्जीलिङ्ग, सिक्किम, कालिम्पोङ्गसम्म यो भाषा बोलिन्छ। नेपालभित्रै बोलिने यो भाषाको चार वटा भेदहरु पनि छन्। पान्थरे, फेदापे, तमरखोले र छत्थरे आदि भाषिक भेद भए पनि पान्थरे भेदलाई मानकको रुपमा सबैले स्वीकारेका छन्। नेपालको जम्मा जनसंख्यालाई हेर्ने हो भने यो भाषा प्रयोक्ताको संख्यालाई अल्पसंख्यक नै मान्नुपर्ने हुन्छ। तथापि यस भाषाको आफ्नै लिपि भए पनि यो लिपि वर्ण कति वटा हुन् भन्ने विषयमा बहसहरु भइरहेका छन्। यसकारण पनि भाषामा मानकको अभाव खड्किएको देखिन्छ।

कुनै पनि भाषाको अध्ययनले त्यस भाषाको उत्पत्ति, भाषिक विकास, भाषाको प्रयोग अवस्था जस्ता विषयहरु समेट्ने र त्यस भाषाको वर्तमान स्थिति अवगत गराउनुका साथै आगामी दिनमा त्यस भाषाको अवस्था र पहुँचलाई जीवन्तता दिनका निम्ति अवलम्बन गर्नुपर्ने मार्गचित्र समेत दर्शाउने भएकोले सबै भाषाको अध्ययन आवश्यक हुन्छ। त्यसमा पनि भाषिक पहुँच कमजोर भएका र अन्य भाषाको प्रभावमा परेका वक्ता रहेको भाषाको अध्ययन अनुसन्धान त झनै बढी महत्वको हुन्छ। विविधताको सौन्दर्यले युक्त हाम्रो देश नेपाल अनेकतामा एकताले बाँधिएको छ। त्यसैगरी यहाँ बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक इन्द्रेणीले आफ्नो सौन्दर्यको छटाले सबैलाई मन्त्रमुग्ध पारिरहेको छ।

भाषा आन्दोलनका दुई आयामहरु छन्। भाषाको नारा उठाएर आफ्नो पार्टीगत र व्यक्तिगत स्वार्थपूर्ति गर्ने एउटा विचार प्रवृत्ति रहेको छ भने विभिन्न समयमा भएका जनआन्दोलनहरुले पनि नेपाली भाषालाई राष्ट्रभाषा र यस देशभित्र बोलिने अन्य सबै मातृभाषालाई राष्ट्रभाषाको मान्यता दिएर तिनको पहिचान संरक्षण र विकासको प्रत्याभूति समेत गराएको छ। यस देशभित्र विभिन्न धर्म र संस्कृति अनुसरण गर्ने विभिन्न जाति तथा जनजाति एक सयभन्दा धेरै भाषा बोल्दछन् भन्ने विद्वानहरुको भनाइ छ। भाषाको पहिचान र संरक्षणका लागि राज्यका नीति, नियम, ऐन, कानून, नियमावली र विनियमावलीमा आवश्यक प्रबन्धहरु गर्ने र ती नीति-नियमलाई व्यावहारिक रुप दिने प्रयास र प्रयत्न गर्नु र आवश्यक पर्दा भाषिक आन्दोलनका आँधी उठान गर्नु दोस्रो प्रकारको भाषा राजनीति मान्न सकिन्छ।

उदाहरणका लागि पूर्वी नेपालको मेची र कोशी क्षेत्रको पहाडी इलाका वा लिम्बुवान क्षेत्रमा बसोबास गर्ने लिम्बू जातिले बोल्ने लिम्बू भाषा नेपालको लेख्य परम्परा र साहित्य भएको भाषामध्ये एउटा प्रमुख भाषा हो। वर्तमान कालमा यो भाषामा साहित्य लेखन द्रुतगतिमा भइरहेको छ भने शिक्षणको क्षेत्रमा पनि यो भाषाको प्रयोग विस्तार हुदैछ। निकै वर्षअघि नै नेपाल बाहेक भारतको सिक्किम राज्यले लिम्बू भाषालाई राज्य भाषाको मान्यता दिएर प्राथमिक तहदेखि स्नातक तहसम्म नै लिम्बू भाषा र साहित्य विषयको रुपमा पढाइँदैछ भने नेपालमा पनि प्राथमिक तहमा ऐच्छिक विषयको रुपमा पढाइँदैछ। यसरी हेर्दा लिम्बू जातिले बोल्ने भाषालाई लिम्बू भाषा भनिन्छ भने उनीहरुले आफ्नो भाषामा यसलाई 'याक्थुङ्ग पाःन्' या 'याक्थुङ्बा पाःन्' भन्दछन्। यसरी लिम्बू भाषाको विकास साहित्य लेखन र शिक्षामा प्रयोग विस्तार हुन थालेपछि यो भाषाभित्र रहेका चार वटा भाषिका (पान्थरे, फेदापे, तमोरखोले र छत्थरे) मानकको पनि खाँचो पर्‍यो तथापि यी भाषिकाहरु मध्ये पान्थरे भाषिकालाई मानकको रुपमा स्वीकार गरियो। यसपछि विभिन्न व्यक्तिहरुले वर्णमाला र ब्याकरणहरु पनि तयार पारे।

अल्पसंख्यक प्रयोक्ताहरु वा वक्ताहरु रहेका भाषाहरुको संरक्षण र विकास गर्नु राज्यको कर्तव्य हो र सबै भाषा, जाति, धर्म, संस्कृतिको जगेर्ना गर्न सकिएमा मात्र वास्तविक रुपमा कुनै पनि मुलुकको साँचो अर्थमा विकास र उन्नति सम्भव छ। राज्यको उदासीनता कायम रहनु र भाषा राजनीतिमा संलग्न हुनेहरु पनि आफ्नो निहीत स्वार्थभन्दा माथि उठी भाषाको जगेर्नाका लागि क्रियाशील हुने हो भने लोपोन्मुख भाषाको संरक्षण गर्न सहज हुन्छ। नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेको संघीयताको मर्म अनुरुप भाषिक अधिकारको प्रत्याभुत गर्ने उद्देश्यबाट प्रेरित भई भाषिक आन्दोलनको उठान हुनु जरुरी छ।

*tirthakharel2028@gmail.com*

# म किन सहाराको सदस्य भएँ ?



**कुमार भट्टराई**

उरन्ठ्याउलो उमेर थियो १६-१७ को। भर्खर एसएलसी दिएको थिएँ। सिनेमाहल (टोलको नाम, जहाँ पहिला पारस टाकिज थियो) वरिपरिका मेरै उमेरका साथीहरु मात्र पनि १८-२० जति थियौं। डाइस खेलाउने, अरुको फलफूल चोरेर खाने, पारस खाडीमा पौडी खेल्ने, माछा मार्ने, तास खेल्ने, नयाँ फिल्म आउने बित्तिकै हेर्नै पर्ने, पढ्नमा ध्यान नदिनेखालको अति राम्रा बानी भएकाहरु नै थियौं हामी सबै। त्यसैले मन मिल्थ्यो सबैको।

किशोर लहड थियो, एकदिन भेला भयौं र संगीतको गोरेटो नाम राखेर एउटा समूह बनयौं। त्यसले दशैंको दुर्गा पूजा गर्‍यौं त्यही चोकमा। सहयोग माग्यौं। उठेको सहयोगबाट पैसा बच्यो। त्यो पैसाले बिजुलीका पोलहरुमा प्रत्येक घरबाट बिजुली तानेर बत्ती झुण्ड्यायौं। गाउँ झलमल भयो। हामी त एकाएक गाउँमा सबैको प्यारो भयौं। त्यो दिन लाग्यो- सबैको प्यारो हुन त सबैलाई प्रत्यक्ष फाइदा पुग्ने काम पो गर्नुपर्ने रहेछ। जीवनका लागि एउटा मार्ग मिल्यो। त्यतिखेरै वातावरण संरक्षण समूह नामको एउटा संस्था पनि खुलेको थियो। जसमा कृष्ण धराबासी, कृष्ण बराल, दीपक ढकाल, दीपकसेन भट्टराई लगायत अग्रज दाइहरु हुनुहुन्थ्यो। त्यो संस्था एकाएक ठूलो सामाजिक काम गर्ने संस्था बन्यो। त्योसँगै वातावरण बहुउद्देश्यीय सहकारी समेत सञ्चालनमा आयो। यो संस्थाको काम देखेर नेपाल सरकारले पहिलो पटक वातावरण पुरस्कारद्वारा यो संस्थालाई सम्मानित गर्‍यो।

त्यति नै बेला तत्कालीन अर्जुनधारा गाविस-६ मा अर्को एउटा संस्था थियो- समाजसेवी परिवार। केहीपछि त्यो संस्था टुक्रिएर दुई वटा बन्यो भन्ने सुनेको थिएँ मैले। जसबाट टुक्रिएर महेन्द्र गिरी लगायतको समूहले सहारा नेपाल भन्ने संस्था गठन गरेको सुनें। हाम्रो घर धेरै जनाको भेला हुने ठाउँ जस्तै थियो। त्यसैले कुनै पनि सूचनाका लागि बाहिर जानु पर्दैनथ्यो। आगन्तुकहरु र दाजुबीच भएका कुरालाई ध्यान दिएर सुन्यो भने थुप्रै सूचना र योजनाहरु सुन्न पाइन्थ्यो। संगीतको गोरेटो टेकेर मैले थुप्रै सामाजिक कामहरु सिक्ने मौका पाएँ। बिग्रदै गरेको उमेर समूहका साथीहरु सही मार्गमा आयौं। समाजमा गुम्दै गरेको विश्वासहरु समेट्दै ल्यायौं। सम्मान गर्नुपर्ने अभिभावकहरुको मार्गदर्शन पाउन थाल्यौं।

सहारा नेपाल भनेको महेन्द्र गिरी मात्र हुन् भन्ने लाग्थ्यो ऊ बेला नै। किनकि उनी नै सबैभन्दा बढी सक्रिय थिए त्यो बेला। वातावरण समूहमा आउने, सहकारी सम्बन्धी जानकारी लिने, दाइहरुसँग संस्थाका लागि सरसल्लाह गर्ने, विभिन्न गतिविधिमा उनलाई अगाडि देखिएकाले उनको अगुवाइमा सो संस्था अगि बढ्दैछ भन्ने बुझेको हुँ। केही समयपछि म पढ्न काठमाडौं गएँ, केही बर्ष बसेर फर्किएँ। यसबीचमा सहारा नेपालले छुट्टै पहिचान र उचाइ बनाइसकेको थियो। सहारा नेपालको गैरसरकारी संस्था र सहकारी दुबै तर्फको काम अति प्रशंसनीय थियो। यो संस्था सहकारी मात्र थिएन, समाजिक काममा अगाडि थियो। मान्छेहरु संस्थाले गरेको सामाजिक कामको कारण यो सँग जोडिन लालायित हुन्थे। अर्थात् सहारा नेपालले सहकारी मार्फत धेरै ठूलो-ठूलो काम गर्छ भन्ने कुरा त मैले धेरैपछि मात्र थाह पाएको हुँ।

वातावरण संरक्षण समूह र सहकारी विभिन्न कारणले फस्टाउन सकेन। जुन संस्थाको सदस्य हुनका लागि लाइनमा बस्नुपर्थ्यो, मैले पनि सदस्यताको आवेदन दिएको धेरैपछि मात्र सदस्यता पाएको थिएँ। वातावरण डुब्यो, सकियो, कहिल्यै नउठ्ने गरी। पानीको फोका जस्तै भयो। पानीसँगै उम्रियो र पानीसँगै मर्‍यो। तर, सहारा नेपाल मरेन, जागेको जागेकै गर्‍यो। सहारा नेपाल जाग्नुमा कसैले त निरन्तर लगनशीलता देखायो नै होला।

रहरले संघ-संस्थाहरु जन्मने र मर्ने भइरहन्छन्। केही समय रहरले चल्छ, तर रहरले मात्र सधैं साथ दिँदैन। जब व्यवहारले र आधारभूत आवश्यकताले गाँज्न थाल्छ, मान्छेले परिवारलाई महत्व दिन थाल्छ। त्यसपछि बनिएका संस्थाहरु धर्मराउन थाल्छन्। धेरै समाजिक संस्थाहरुको आयु पानीको फोका जस्तै नै हुन्छ। संस्थाको लक्ष्य-उद्देश्यको सपना देख्ने मान्छे पलायन भएसँगै संस्थाहरु मुर्झाउँछन्। संघ-संस्थाहरु अर्थ बेगर चल्दैन। झापा जिल्लाभित्र मात्रै जिल्ला प्रशासनमा दर्ता भएका सामाजिक संस्थाको संख्या गणना गर्ने हो र ती सबै सक्रिय हुने हो भने सरकार नहुँदा पनि समाज चल्छ जस्तो लाग्छ। तर, बहुसंख्यक नवीकरण नभएर सकिएका छन्, त्यसको एउटै कारण हो- अडिट गर्ने र नवीकरण गर्ने शुल्क नहुनु। अर्थात् सामाजिक काम गर्ने जनशक्ति भएर मात्र हुँदैन रहेछ, संस्था चलाउनु, त्यसको लागि हरेक पाइलामा आवश्यक पर्ने अर्थले पनि ठूलो अर्थ राख्ने रहेछ।

सहारा नेपाल गैरसरकारी संस्था र सहकारी दुबैतर्फ आफूलाई आर्थिकरुपमा सवल र सक्षम पार्दै गएको सबैले बुझ्न थालेका थिए। सहारा नेपालको सदस्य भएवापत् त्यसबाट प्राप्त हुने प्रतिफलको लोभले धेरैलाई छोयो, मलाई पनि छोयो। आर्थिक रुपमा कमजोर रहेको अवस्थामा आफ्नो स्वास्थ्यदेखि मरिमराउसम्मको सुरक्षा सहाराले गर्छ भन्ने बुझेपछि मलाई पनि त्यसको सदस्य हुन मन लाग्दै गयो। तर, त्यसभित्र सदस्य हुने मार्ग थिएन।

सहाराको सदस्य हुनेहरुले परिवारको एक र नजिकको साथी एक गरी दुई जनाको सदस्य बिस्तार गर्न पाउने भन्ने योजना ल्याएको रहेछ। मेरी दिदी सहाराको सदस्य हुनुहुन्थ्यो। दिदी मार्फत म पनि सदस्य भएँ। सदस्यको लागि आवश्यक पर्ने झण्डै पैंसी हजार रुपैयाँ मैले सापटी लिएर नै त्यहाँ हालेको थिएँ। त्यसपछि संस्थासँग नजिक भएर त्यसको अवलोकन गर्ने अवसर जुर्‍यो। लागिरहन्थ्यो- मैले सापटी लिएर हालेको पैसा कतै हराउने त होइन ? धेरै सहकारी सञ्चालकहरु संस्था डुबाएर भागेको समाचार सुनिरहेको बेला यति धेरै पैसा उठाएर यसका सञ्चालक भाग्ने त होइनन् ? सहारामा मैले चिनेको मूल अनुहार त महेन्द्र गिरी मात्र थिए। उनको विश्वासले मैले त्यहाँ लगानी गरको थिएँ।

उनलाई विश्वास गर्नुपर्ने केही कारणहरु थिए र छन्। मान्छेमाथि विश्वास गर्नका लागि उसको पछिल्लो जीवन पढ्न आवश्यक छ। उसले निर्वाह गरेको भूमिका, उसको सोचाइको स्तर र उसको महत्वाकांक्षा। आफूभन्दा उमेरले पाँच-सात बर्ष जेठा महेन्द्र गिरीलाई मैले चिनेको अवस्थामा सामाजिक युवाको रुपमा चिनेको थिएँ। उनको आधारभूमि पैसा कमाउनेभन्दा पनि समाजमा दुःख पाएकाहरुका लागि केही फरक गर्ने पाएको थिएँ। अर्थात् उनीमाथि विश्वास गर्दा मेरो सपनाहरु पनि उनी मार्फत् प्रयोग हुन्छ लागेरै सहाराको सदस्य भएँ।

सदस्य भएपछि केही बर्ष डर लागिरह्यो। तर, यतिखेर आएर डर हरायो। किनकि मैले लगानीको गरेको प्रतिफल संस्था मार्फत मैले प्राप्त गरें। मलाई लाग्थ्यो- समाजमा केही राम्रा काम हुन्, जसमा मेरो पनि भावनात्मक सहयोग रहोस्। आज सहारा मार्फत भएका सामाजिक कामहरुको फेरिस्त लामो भयो। जहाँ म पनि जोडिएर आएँ। सहारा नेपाल एउटा व्यक्ति मात्र रहेन आज, यो त ती तमाम सदस्यहरुको संस्था हो, जसले भावनात्मक रुपमा यसमा विश्वास, आस्था र अपेक्षा गरेका छन्। यस मार्फत रचनात्मक काम र प्रतिफलको आशा पनि गरेका छन्। सहकारीहरु त एउटै नगर र गाउँमा २०औं वटा छन्। ऋण लगानी र समूहगत गतिविधि त तीहरुमा पनि छन्। त्यसो हुँदाहुँदै पनि नेपालको ठूलो सहकारी कसरी बन्न सक्यो त सहारा नेपाल। त्यसका केही कारणहरुको उदाहरण म आफै हुँ जस्तो लाग्छ। सहकारीमा लगानी गर्नेले प्रतिफल लिने एउटा सीमारेखा छ। त्यसभन्दा बढी आम्दानी भएको रकम कि त संस्थाभित्रै गाभिएर जान्छ, कि त बद्मास सञ्चालकहरुले अडिटरहरु समेतको संलग्नतामा मिलाएर खान्छन्।

तर, सहारा नेपालले सदस्यहरुले पाउने भाग उनीहरुलाई छुट्याएर बाँकी रहेको पैसा मासेको बुझिनँ मैले। बरु त्यो पैसा विभिन्न माध्यमबाट गरीबका लागि घर, सार्वजनिक स्थल तथा स्कूलहरुमा शुद्ध खानेपानीको व्यवस्था, ज्येष्ठ नागरिकहरुका लागि आश्रय स्थल, स्मार्ट चोकहरु, सदस्यहरुका लागि अवलोकन भ्रमण, जीवन बरदान कार्यक्रम, पारिवारिक शोक भएका बेलामा आर्थिक सहयोग, खेलकुद, दैविक विपत्ती, रेडक्रस, सञ्चारकर्मीको स्थायीत्व, लगायत विभिन्न काममा प्रयोग गर्ने गरेको बुझेको हुँ मैले। एउटा प्रश्न गर्न मन लागेको छ- सहारा जत्तिकै संस्थाहरु अरु पनि छन् देशभित्र। ती संस्थाहरुले पनि यसै संस्था जत्तिकै आम्दानी गर्छन्। ती संस्थाहरुले गरेको आम्दानी यसरी नै सामाजिक काममा, सदस्यहरुको संरक्षणमा लगानी गरेका छन् ? यदि छैनन् भने ती आम्दानीका अंशहरु कहाँ लुकाइएका छन् ?

आफूले लगानी गरेको पैसाको प्रतिफलको लोभले मात्र म सहाराको सदस्य भएको होइन, यी माथि उल्लेखित र उल्लेख गर्न छुटेका तमाम विषयहरुप्रति आकर्षित भएर नै त्यस संस्थाको सदस्य भएको हुँ। सहकारीको सदस्य भएवापत् लगानी गरेको पैसाबाट प्राप्त हुने बोनसभन्दा बढी त बजारमा लगानी गर्दा ब्याजदर प्राप्त हुन्छ। त्यसैले सहाराको सदस्य हुनु भनेको तमाम सामाजिक काममा मेरो पनि केही न केही अंश रहने छ भन्ने लोभ नै प्रमुख हो।

उकालो बढ्दै जाँदा ओरालो पनि बढ्दै जान्छ। संस्था ठूलो हुँदै जाँदा सबैको नजरभित्र देखिँदै जान्छ। एउटा प्रतिस्पर्धा हुन्छ। आफूलाई अब्बल देखाउन अर्कोलाई गिराउने वातावरण बन्दै जान्छ। आज एउटा त्रास सिर्जना भएको छ। भर्खरै सहारा नेपालको नवनिर्मित भवनमा बम पड्कियो। बम पड्काउनेलाई सोध्न मन लागेको छ- म पनि सदस्य भएको संस्थामा बम पड्किनु पर्ने कारण चाहिँ के थियो ? बमले मात्र समाधान गर्न सक्ने, सम्वादले समाधान गर्न नसक्ने विषय के थियो ? त्यो संस्थालाई डुबाउन खोजेर ऋण काटेर सदस्य भएका विपन्न सदस्यहरुलाई आर्थिक भारमा डुबाएर कुन प्रगति गर्न खोजेको हो ?

रामले रावण मारेर व्यक्तिगत रुपमा उनी भगवान बने पनि उनको राज्य सुनको भने उनले कहिल्यै बनाउन सकेनन्। हामीलाई को भगवान् हुने-नहुनेभन्दा पनि आफू बसेको भूमि र आफूले भोग्ने संसार लंका जस्तै सुखी हुनुपर्छ भन्ने हो।

# पक्की पुल बनेपछि आवागमनमा सहज



**अर्जुनधारा, भदौ २९।** झापाको अर्जुनधारा-१ सानो नेते खोलामा नवनिर्मित पक्की पुलको उद्घाटन गरिएको छ।

रोङ गाँउपालिकासँगको साझेदारीमा गत असार १५ गते निर्माण सम्पन्न भएको उक्त पुलको पूर्व प्रधानमन्त्री एवम् नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का वरिष्ठ नेता झलनाथ खनालले उद्घाटन गरेका थिए।

निर्माण उपभोक्ता समितिका अनुसार गत चैत ८ गते सम्झौता भई निर्माण शुरु भएको उक्त पुलको जम्मा लागत जनसहभागितासहित ६७ लाख २१ हजार आठ सय २८ रुपैयाँ रहेको छ। पुल निर्माण गर्न नगरपालिकाबाट ३० लाख, गाँउपालिकाबाट २० लाख र प्रदेश निर्वाचन क्षेत्र इलाम-१ 'ख'बाट १० लाख रुपैयाँ विनियोजन भएको थियो।

समितिका अध्यक्ष महेन्द्रकुमार बरालको अध्यक्षतामा भएको कार्यक्रममा नगर प्रमुख हरिकुमार राना, अर्जुनधारा-१का वडाध्यक्ष गजाधर खतिवडा, २का वडाध्यक्ष रघुनाथ खनाल, हचुमासा सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष युवराज लोहार, हलुवागढ सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष चक्र तामाङ, शान्ति सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष तुलसी खतिवडा लगायतको आतिथ्य रहेको थियो।

निर्माण अनुगमन समितिका रुद्र प्रधानले स्वागत गरेको कार्यक्रमको सञ्चालन समितिका सहसचिव मिलनकुमार श्रेष्ठले गरेका थिए। पुल निर्माण भएपछि अर्जुनधारा-१ र २ सँगै रोङ गाँउपालिका र सूर्योदय नगरपालिकाका बासिन्दालाई आवागमनमा सहज हुने बताइएको छ।

# ज्येष्ठ नागरिकलाई सम्मान गर्न आग्रह

**शिवसताक्षी, भदौ २९।** ज्येष्ठ नागरिक शिवसताक्षी नगर समितिको सातौं वार्षिक साधारणसभा सम्पन्न भएको छ।

ज्येष्ठ नागरिक शिवसताक्षी नगर समितिका अध्यक्ष पदमप्रसाद दाहालको अध्यक्षता तथा शिवसताक्षी नगरपालिकाकी उपप्रमुख भोजकुमारी नेपालको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो। कार्यक्रममा प्रमुख अतिथि नेपालले पछिल्लो समय पश्चिमी संस्कृति भित्रिरहेका बेला हाम्रा माता-पिताहरुले आफ्नो संस्कृति परम्परालाई आत्मसाथ गर्दै भाषा, धर्म परम्परालाई जोगाई राखेको बताउँदै उनीहरुलाई छोरा-छोरीहरुले उच्च सम्मान दिनुपर्नेमा जोड दिइन्।

त्यस्तै शिवसताक्षी नगर अध्यक्ष पदमप्रसाद दाहालले ज्येष्ठ नागरिकहरुको एक्लोपना हटाउन, अल्जाइमर जस्तो घातक रोगहरु लाग्न नदिन उनीहरुलाई सक्रिय रहने वातावरणका लागि योग ध्यान गराइने बताए। उनले योग र दिनको समयमा बृद्ध माता-पिताहरु भेला भई भलाकुसारी गर्ने प्रत्येक वडामा ज्येष्ठ नागरिक चौतारी निर्माण भइरहेको जानकारी दिए। सकारकाले दिएको गाडी भाडामा ज्येष्ठ नागरिकलाई ५० प्रतिशत छुट दिएको सुविधा स्थानीय सरकारले कार्यान्वयन नगरिएको नगर अध्यक्ष दाहालले गुनासो गरे।

त्यस्तै पूर्व सांसद तथा ज्येष्ठ नागरिक संघका जिल्ला उपाध्यक्ष तारासम योङ्याले ज्येष्ठ नागरिक भनेको हिमाल, पहाड, तराईभित्र चार जात छत्तिस वर्णका फूलबारी भएको बताए। ज्येष्ठ नागरिकको परिवारमा कुनै जाति, धर्म, सम्प्रदायले कुनै फरक पार्दैन यो एउटा सिंगो परिवार



भएको भन्दै युवापुस्ता वैदेशिक रोजगारीमा गएकाले घर, धर्म-संस्कृति सबै ज्येष्ठ नागरिकले नै सम्हाल्दै आएको जानकारी दिए। हाल नेपालमा ६० वर्ष माथिका ज्येष्ठ नागरिक चार लाख ५९ हजार रहेका छन्। शिवसताक्षी नगर समितिमा पाँच सय ४० ज्येष्ठ नागरिकले सदस्यता लिएको नगर समितिले जनाएको छ।

कार्यक्रममा नगर समितिको प्रतिवेदन अध्यक्ष पदमप्रसाद दाहालले प्रस्तुत गरेका थिए भने आर्थिक प्रतिवेदन कोषाध्यक्ष यदुनाथ दाहालले प्रस्तुत गरेका थिए। वडा नं. ७ को प्रतिवेदन जितेन्द्र चेम्जोङ्ग प्रस्तुत गरेको कार्यक्रमकमा ४ नं. वडाका अध्यक्ष रामबहादुर दाहाल, १० नं वडाका अध्यक्ष पिताम्बर बराललले शुभकामना दिएका थिए। संस्थाका वरिष्ठ उपाध्यक्ष अम्बिकाप्रसाद अधिकारीले स्वागत गरेको कार्यक्रमको सञ्चालन नरपति पाठकले गरेका थिए।

# हल्दिबारीमा श्रीमद् भागवत्

**हल्दिबारी, भदौ २९।** हल्दिवारी गाउँपालिकास्थित पाथीभरा सिंहकाली धार्मिक तथा पर्यटकीय समितिको आयोजना पितृ पक्ष श्रीमद भागवत बिष्णु पुराण शुरु भएको छ।

सोही कार्यक्रममा पर्यटन मन्त्रालय प्रदेश नं. १ बिराटनगर बाट बिनियोजित रकमबाट निर्माण भएको पोखरी व्यवस्थापन बाँध निर्माण, गेट तथा सोलार बत्ती जडानको समेत उद्घाटन गरिएको छ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री जगदीशप्रसाद कुसियैतले उद्घाटन गरेका थिए। रेमप्रसाद खरेलको अध्यक्षता तथा मन्त्री कुसियैतको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा हल्दिबारी गाउँपालिकाका अध्यक्ष रवीन्द्रप्रसाद लिङ्देन लगायतले शुभकामना मन्तव्य राखेका थिए।

त्यस्तै मन्त्री कुसियैतले हल्दिवारी गाउँपालिकास्थित वडा नम्बर ५ मा रहेको हरियाली सिमसार क्षेत्र, वडा नम्बर २ मा रहेको भेलागुढी सिमसार क्षेत्र तथा सहिद पार्कको समेत अबलोकन गरेका थिए।

मन्त्री कुसियैतले हल्दिवारीमा सञ्चालित सबै योजनालाई पूर्णता दिने बताउँदै प्रदेश सरकारसँग साझेदारीमा काम गर्न आग्रह समेत गरेका थिए।


## होटल तालिममा भर्ना खुल्यो

सिप सिकौं.....आत्मनिर्भर बनौं | तीन महिने होटल तालिममा भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं।

तालिम- बारटेन्डर, वेटर, फ्रन्ट अफिस, कुक

नोटः यहाँ कुनै पनि कार्यक्रम गर्नको लागि हल तथा क्याटरिङको पनि सुविधा छ।

ककटेल/मकटेलमा २०% छुट

हाम्रा विशेषताहरु :
१) शतप्रतिशत प्राक्टिकल गराइने।
२) दक्ष नहुञ्जेल तालिम दिइरहने।
३) दक्ष सेफद्धारा तालिम दिइने।
४) विदेश जानेहरुका लागि स्पेशन कोर्ष गराइने।
५) तालिम पछि अन्तर्राष्ट्रिय प्रमाणपत्र दिइने।
६) तालिम पछि रोजगारको अवसर दिइने।

सिट सिमित छ। आजै सम्पर्क गर्नुहोला।

**होटल मुन टावर इन**
शनिश्चरे रोड, बिर्तामोड (झापा) फोनः ०२३- ५४१७७५, ९८०४९०३०९५

## राजगढमा चलिरहेछन् यी चलचित्रहरू

नयाँ रिलिज चलचित्रहरू
पहिलो शो ९:३० बजे SAAHO (हिन्दी)
दोस्रो शो १२:०० बजे मारुनी (नेपाली)
तेस्रो शो २:१५ बजे SAAHO (हिन्दी)
चौथो शो ५:३० बजे SAAHO (हिन्दी)
पाँचौ शो ८:०० बजे SAAHO (हिन्दी)

एभरेस्ट डिजिटल सिनेमा हल, राजगढ, झापा
टिकट अग्रिम बुकिङको लागि सम्पर्क नं. मो. ९८१७९५९७१०

## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

(हल ए) नेपाली सिनेमा PASSWORD
पहिलो शो ११:४५
दोस्रो शो २:४५
नाइट शो ७:००

(हल बी) नेपाली सिनेमा हिरो नं. १
पहिलो शो ११:४५
दोस्रो शो २:४५
तेस्रो शो ७:००

www.pathivaracineplaza.com
बुकिङ्ग गरेको टिकट आधाघण्टा पछि स्वतः क्यान्सिल हुनेछ।
फोन नं. ०२३-५४६४३६

## गमला बिक्रीमा

सिमेन्टबाट बनेका गमलाहरू बिक्रीमा छन्।
टप- २१ इन्च उचाई २३ इन्च साइजमा
चाहेको रंगमा उपलब्ध छ। मूल्य प्रतिगोटा रु. १०००।-
बिर्तामोड नगरपालिका भरी फ्रि होम डेलिभरीको सुविधा छ।
रोशन उप्रेती (९८१५९९८३१९)
राजकुमार आचार्य (९८०४९०४२११)

## झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।

दानावारी, महमाई, लारूम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३०, ८:३०, ९:१५, १०:१५, ११:१५, १२:१५,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई

## हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका बिशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका बरिष्ठ डाक्टर अनिलकुमार महतो यही भाद्र २८ गते शनिबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउदै हुनुहन्छ। आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस्।

जाँच हुने समस्याहरु :
- ढाड, कम्मर, गर्दन। घुडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झमझमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० देखि ३:००

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८५२६७५०३३)

## अब फिजियोथेरापी उपचार मात्र रू. २५० मा

वडा दशैंको शुभ उपलक्ष्य पारी सम्पूर्ण विरामी वर्गलाई विशेष छुटमा उपचार गराईंदैछ।
उपचार हुने समस्याहरुः
- कम्मर दुख्ने, गर्दन दुख्ने, नशा च्यापिएको
- घुडा दुख्ने, घड्डी खिइएको, कुम जाम भएको
- शरीर झमझमाउने, लाटो हुने, मुख बाङ्गिएको आदि

यो अफर असोज महिना भर

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) बिर्तामोड-४, झापा अदुवा खोला पश्चिम दक्षिण हाइवेसँगै
(फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८)
नोटः प्यारालायसिसका विरामी तथा एडभान्स फिजियोथेरापी गराउनु परेमा थप शुल्क लाग्नेछ। शर्तहरु लागू हुने छन्।

## कोरियन भाषा

한국어 にほんご

हाम्रा बिशेषताहरु
PBT, CBT, Student Visa का कक्षाहरु सञ्चालन।
न्युन शुल्कमा डबल कक्षा तथा ग्रुपलाई विशेष छुट।
AC युक्त Waiting Hall, Exam Hall भएको।
Skill Test को तयारी कक्षा उच्च स्तरीय सामाग्रीबाट गराइने।
Course Book तथा शिक्षण सामाग्री नि : शुल्क वितरण गरिने।
स्तरीय कोरियन Listening Grammar को अध्यापन गराइने।
प्रत्येक हप्ता टेष्ट, Audio, Video प्रोजेक्टरबाट कक्षा सञ्चालन हुने।
5000 Model Question को अभ्यास तथा Guarantee कक्षा गराइने।
टाढाबाट आउने तथा पुराना विद्यार्थीलाई विशेष छुटको व्यवस्था गरिने।
जापनीज भाषाका N5 & N4 का कक्षाहरु पनि विशेष छुटमा गराइने।

Rupjyoti Institute Pvt. Ltd.
Birtamod - 5, Jhapa Opposite to Kankai Hospital, Near Hotel Heaven
E-mail:- rklcbtm@gmail.com
Facebook :-www.facebook.com/rupjyotikorean
प्रो. अर्जुन बोहोरा
Tel : 023-546692 | 9814999326 | 9806090399

## वर्गीकृत विज्ञापन

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।
सम्पर्कः ९८१४९९३७१२, ९८६२६४८२८२
९८४२६७७८५५, ९८२४९८११७४

### सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'
सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

### कर्मचारी आवश्यकता
Math Teacher: 1, (Male) Class 6-7
क्लिनर : ४ जना (महिला/पुरुष)
रुम ब्वाई : २ जना (इलामको लागि)
कुक : ८ जना
वेटर : ६ जना (२ जना चाहिँ इलामको लागि)
घरमा काम गर्ने : ४ जना महिला (फिदिम र बिर्तामोडको लागि)

नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

### गिटी बालुवा चाहिएमा
निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन बेश आदि चाहिएमा सम्पर्क गर्नुहोला। अत्याधुनिक प्रविधिबाट झापा मै पहिलो पटक प्रशोधन गरिएको।
फोनः ९८४२६५४४००
९८०४९५४४००

### पसल बिक्रीमा
बिर्तामोड नगरपालिका वडा नं.- ४ भद्रपुररोडस्थित बिजुली अफिसको दक्षिणपट्टि मेनरोडमा अवस्थित पसल भएको अगाडिको सटर तथा त्यससँगै जोडिएको पछाडिको तीनवटा सटरसहित पसल विक्रीमा छ। इच्छुकले सिधा सम्पर्क गर्नुहोला।
सम्पर्क नं. : ९८०६०००४७२

### कर्मचारी तु-आवश्यकता
मेनेजर : १ जना (पुरुष)
हाउस किपर : २ जना (महिला/पुरुष)
वेटर : २ जना (महिला/पुरुष)
तलबः आपसी साझेदारीमा तय गरिनेछ।
Hotel SWISS PALACE INN
FULL A/C ROOMS
023-562543, 9849366392
मेचीनगर-६, बाहुनडाँगी रोड, काँकरभिट्टा

### गोदाम भाडामा
बिर्तामोडस्थित पश्चिम बस स्टेण्ड ग्यालेक्सी फिटनेशको उत्तरपट्टी १२०० स्क्वायर फिटमा १३ फिट हाइट भएको गोदाम भाडामा छ।
सम्पर्क नं. : ९८४२६२४३६३

### पसल बिक्रीमा
झापाको अर्जुनधारा-९ स्थित कटहर डाँडामा चालू अवस्थामा रहेको ग्रील पसल बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला।
सम्पर्क फोनः
९८४२६५४३७७,
९८२४९०००८८

### आकर्षक घडेरी बिक्रीमा
बिर्तामोड नगरपालिका-४ भद्रपुररोड पुरानो गोमेन्द्र कलेजदेखि तल्लो कालिका चोकबाट ३५० मिटर पश्चिममा ४२ फिट मुख भएको उत्तर फर्किएको, उत्तर-दक्षिण दुबैतिर बाटो भएको १ कठ्ठा जग्गा विक्रीमा छ। इच्छुकले सम्पर्क गर्नुहोला।
सम्पर्कः
९८४२७८९८१३/९८१४९११७७७


### आवश्यकता
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.
बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४,
९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

### पत्रिका समयमा पाउनु भएको छैन ?
मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस्।

## कन्काई हस्पिटल प्रा. लि. बिर्तामोड, झापा 'विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा'

डा.सन्तोष कु. मिश्र
डा.रोशन अटल
डा.पुष्पेन्द्र लिम्बु
डा.डि.के. आचार्य
डा.सबिन मानन्धर
डा.मो.अक्तर अली
डा. गौरव राज ढकाल
MBBS, MS, ORTHO (KU)
ASSI SPINE FELLOWSHIP (PARK CLINIC, KOLKATA, INDIA)
NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA)
वरिष्ठ स्पाईन (मेरुदण्ड) विशेषज्ञ/सर्जन
राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट
डा. विकास जैशी MBBS, MD, DM Hepatology (NAMS)
डा. मुक्ति आचार्य
MBBS, MD (TU)
वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ
डा.रोसन आचार्य
वरिष्ठ नाक,कान,घाटी रोग विशेषज्ञ
प्रत्येक बिहिबार
डा.सि.वि झा
नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।

२४सै घण्टा उपलब्ध सेवाहरु
- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसी सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रसूति शल्यचिकित्सा
- हाडजोर्नी तथा नसा शल्यचिकित्सा
जानकारी तथा नाम दर्ताको लागि

ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता) वैदिक ज्योतिष परामर्श केन्द्र शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ। पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मेहनतले नाम, दाम र इनाम दिलाउनेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। परिस्थितिवश कुनै काममा बढी अलमल हुनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** आफ्ना कमजोरी बाहिरिने समय भएकाले गोपनीयतामा ध्यान पुऱ्याउनुहोला। व्यापारमा राम्रो फाइदा हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समयमा होस नपुग्नाले फजुल खर्च बढ्नेछ। काममा व्यवधान देखा पर्न सक्छ। व्यवसायमा लगानी बढाउनुपर्ने समय छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ। स्वाभिमानका लागि लाभांश छोड्नुपर्ला आकस्मिक खर्चले मन अत्तालिएला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** लामो यात्रा गर्ने अवसर जुट्नेछ। परिवारजनबाट टाढिनुपर्ने स्थिति आउन सक्छ। सद्विचारले अभिप्रेरित हुनेहरूलाई फाइदा हुनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ। आम्दानीका नयाँ स्रोत फेला पर्ने छन्। गरेका कामबाट प्रशस्त [redacted]

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** उठ्नुपर्ने रकम हातलागी हुने समय छ। कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ। चल-अचल धनको उपयोगबाट मनग्गे फाइदा उठाउन सकिनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** दिगो फाइदा हुने काममा जग बसाउने मौका प्राप्त हुनेछ। व्यापार-व्यवसायमा फाइदा उठाउन सकिनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** आँटेको काम केही समय रोकिनेछ भने नयाँ काम गर्न केही बेर प्रतिक्षा गर्नुपर्ला। आश्वासन बाँड्नेहरूले झुक्याउने छन्।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** पहिलेका सहयोगीहरू पछि हट्न सक्छन्। परिस्थिति संघर्षपूर्ण देखिए पनि मेहनत गर्दा जीवनशैलीमा परिवर्तन आउनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ। गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ।

## राधामाधवद्वारा पोशाक वितरण



**बिर्तामोड, भदौ २९।** राधा माधव समिति बिर्तामोड शाखाले बाह्रदशी-६ स्थित गौरीशंकर शिवालय गायत्री स्वरुपा आश्रम कञ्चनगढ धाम साधुकुटीका विद्यार्थीहरुलाई आवश्यक पोशाक दान गरेको छ ।

गौरीशंकर शिवालयमा अध्ययनरत् २१ जना छात्र र प्राचार्य शिक्षक, पाकशाला संयोजक र मुष्टीदान संकलकलाई समेत राधे राधे संस्थाले उपहार स्वरुप पोशाक उपलब्ध गराएको हो ।

पञ्चम मूल जगत गुरु कृपालुजीका अनुयायीहरुको राधामाधव समिति (राधे राधे) संस्थाले कृपालु महाराजीबाट एकमात्र नेपाली प्रचारक स्वामी श्री हरि दासजीको पित वस्त्र धारणको १२औं वर्ष प्रवेश र नेपाल प्रचारक चयन गरेको उपलक्ष्यमा उक्त कार्यक्रमको आयोजना गरेको हो । नेपाल अधिराज्यभरमा दुई दर्जनभन्दा बढी साधनाकेन्द्र रहेको राधे राधे संस्थाले धार्मिक जागरणका साथै सेवाका कार्यहरु पनि गर्दै आएको संस्थाका सदस्य राम दुलालले बताए ।

कञ्चनगढ धामका अध्यक्ष ज्ञानु सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा बाह्रदशी गाउँपालिका अध्यक्ष खड्गप्रसाद राजवंशी, बाह्रदशी गाउँपालिका शिक्षा प्रमुख ज्ञानबहादुर पौडेल राधेराधे संस्थाकी बिर्तामोड प्रमुख अर्चना थापा कञ्चनगढ संस्थाका प्राचार्य हेमलाल ढकाल, गुरु मनोज खतिवडा, संस्थाका सचिव बेदु दाहाल, कोषाध्यक्ष भक्ति न्यौपाने, सदंस्थ तीर्थ कटुवाल, नन्दु खड्का, पूर्व सचिव धर्म चापागाईं, पञ्चमणि माविका शिक्षक दिपक सुवेदी लगायतको आतिथ्य रहेको थियो ।

बटुकहरुद्वारा स्वस्ती वाचन गर्दै शुरु गरिएको कार्यक्रमको उद्देश्यमाथि प्रकाश अर्चना थापाले पारेकी थिइन् । उक्त अवसरमा गुरु र भगवानको प्रार्थना र युगलसरकारको आरती र नामकिर्तन समेत गरिएको थियो ।

उक्त कटुक सेवा कार्यक्रममा गौरीशंकर शिवालयका अध्यक्ष ज्ञानु सुवेदी र गाउँपालिकाका अध्यक्ष खड्गप्रसाद राजवंशीले मन्तव्य राखेका थिए । सो अवसरमा राधे राधे संस्थाका सदस्य टिका ओझा, शिवकुमार प्रसाईं, पवित्रा ओली, झूमा बस्नेत, विष्णु तिम्सिना, चरकवाला राजवंशी, पार्वता शर्मा, अम्बिका ढकाल, इन्दिरा थापा, मञ्जिता आचार्य, गिता कार्की, मित्रादेवी तिम्सिना लगायतको समेत सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन राधे राधे संस्थाका सदस्य चन्द्रकान्त ढकालले गरेका थिए ।

## रुपरत्न आइडलको उपाधि दिप्सन र क्षितीजालाई



**अर्जुनधारा, भदौ २९।** झापाको अर्जुनधारा-७ मा रहेको रुपरत्न मेमोरियल बोर्डिङ स्कूलले सञ्चालन गरेको रुपरत्न आइडल-२०७६ मा गायनतर्फको उपाधि दिप्सन श्रेष्ठ र नृत्यतर्फको उपाधि क्षितीजा राईले जितेका छन् ।

राष्ट्रिय बाल दिवसको अवसरमा आइतबार सम्पन्न आइडलको फाइनलमा श्रेष्ठले सिनीयर गायनतर्फ र राईले सिनीयर नृत्यतर्फ उपाधि जितेका हुन् । सिनीयर गायनतर्फ फस्ट रनरअप गौरव घिमिरे र सेकेण्ड रनरअप सिन्धु पौड्याल तथा नृत्यतर्फ फस्ट रनरअप रक्षा भट्टराई र सेकेण्ड रनरअप पुनम राई भएका छन् ।

त्यसैगरी जुनियर गायनतर्फको उपाधि खुशी गिरी र नृत्यतर्फको उपाधि सोनु घिमिरेले जितेका छन् । जुनियर गायनतर्फ फस्ट रनरअप निमेश पुन र सेकेण्ड रनरअप जीवनिता न्यौपाने तथा नृत्यतर्फ फस्ट रनरअप सुप्रिया पौड्याल र सेकेण्ड रनरअप स्नेहा शाह भएका छन् ।

सरोज वत्स निर्णायक रहेको फाइनलमा विभिन्न चरणबाट छनौट भएका २० जनाले गीत तथा नृत्य प्रस्तुत गरेको विद्यालयकी लेखापाल जीना ओलीले जानकारी दिइन् ।

विद्यालयका प्रधानाध्यापक गणेशप्रसाद ओलीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि प्याब्सन झापाका वरिष्ठ उपाध्यक्ष गौरीमान फागो, कोषाध्यक्ष छत्र कार्की, विद्यालयका संस्थापक एवम् प्याब्सन झापाका सहसचिव प्रभुकुमार श्रेष्ठ, अर्जुनधारा प्रेस क्लबका कोषाध्यक्ष अमित खम्बू लगायतले पुरस्कार वितरण गरेका थिए ।

सोही कार्यक्रममा विद्यार्थीले योगा प्रदर्शन गरेका थिए । कार्यक्रममा योग गुरु रमेशकुमार पोखरेल, विद्यालय सञ्चालक समितिका सदस्य बद्रीप्रसाद पाण्डे लगायतको आतिथ्य रहेको थियो । कार्यक्रमको सञ्चालन शिक्षक आरके भट्टराईले गरेका थिए ।

## डेंगु नियन्त्रण गर्न विद्यालय केन्द्रित कार्यक्रम

**विराटनगर, भदौ २९।** डेंगुको प्रकोप नियन्त्रणका लागि विराटनगर महानगरपालिकाले विद्यालय केन्द्रित कार्यक्रम सञ्चालन गरेको छ ।

शिक्षादीपमा अध्ययनरत् विद्यार्थीको डेंगुबाट मृत्यु भएपछि विराटनगर महानगरपालिकाले यो कार्यक्रम सञ्चालन गरेको हो । शनिबारबाट विद्यालय र सरकारी कार्यालयमा लामखुट्टेलाई नियन्त्रण गर्न 'फगिङ' अर्थात् कीटनाशक रसायन धुँवा उडाएर मार्ने कार्यको थालनी गरियो ।

महानगरपालिका प्रमुख भीम पराजुलीले नगरस्थित आदर्श माध्यमिक विद्यालयमा फगिङ गर्दै यस कार्यको थालनी गरिएको हो । यसभन्दा अगाडि बस्तीहरुमा मात्र फगिङ गरिएको थियो ।

लामखुट्टे धेरै हुने ठाउँको खोजी र तिनलाई मार्ने अभियान पटक-पटक गर्दै आएको महानगरले यसपटक भने विद्यालय र सरकारी कार्यालय हाताभित्र फगर मेसिनबाट यो अभियान शुरु गरेको छ । यससँगै बस्ती क्षेत्रमा समेत पुनः फगिङ गरिने महानगर स्वास्थ्य शाखाका अधिकृत एपोलो भगतले जानकारी दिए ।

# कांग्रेसको भ्रातृ संस्थामा आन्तरिक कलह बढ्दै

**झापा, भदौ २९।** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस राष्ट्रिय जागरण अभियानमा जुटेका बेला प्रभावशाली भ्रातृ संस्थाहरुमा भने एकपछि अर्को विवाद चुलिन थालेको छ ।

शनिबार मात्रै नेपाल तरुण दलका अध्यक्ष जीतजङ्ग बस्नेत र महासचिव भूपेन्द्रजङ्ग शाही दुबैले एकअर्कालाई विज्ञप्ति मार्फत दलको साधारण सदस्य समेत नरहने गरी पदबाट हटाएको विज्ञप्ति सार्वजनिक गरेपछि सङ्गठनभित्रको विवाद छताछुल्ल देखिएको हो ।

अध्यक्ष जीतजङ्ग बस्नेतले विज्ञप्ति मार्फत पदीय मर्यादा र जिम्मेवारी विपरीतका गतिविधि गरेको भन्दै सङ्गठनका महासचिव शाहीलाई साधारण सदस्य समेत नरहने गरी पदबाट हटाएका थिए । लगत्तै महासचिव शाहीले पनि अर्को विज्ञप्ति जारी गर्दै तरुण दललाई अलोकतान्त्रिक ढङ्गबाट सञ्चालन गरेको र मुलुकका ठूला भ्रष्टाचार काण्डविरुद्ध नजरअन्दाज गरेको भन्दै अध्यक्ष बस्नेतलाई हटाएको घोषणा गरेका थिए ।

मातृ पार्टी कांग्रेस 'हिमाल, पहाड, तराई-मधेश नेपाली कांग्रेस राष्ट्रिय जागरण अभियान'को दोस्रो चरणमा देशभर जुटिरहेका बेला प्रभावशाली भ्रातृ संस्था तरुण दल भने विवादको भुमरीमा फसेको छ । कांग्रेसले यही भदौ २४ देखि आगामी असोज ७ गतेसम्म देशभर जागरण अभियान थालेको छ ।

तरुण दलको वर्तमान केन्द्रीय समिति तीन वर्षे कार्यकालका लागि वि.सं. २०७३ कात्तिक २७ देखि २९ गतेसम्म पोखरामा सम्पन्न चौथो महाधिवेशनबाट सर्वसम्मत चयन भएको थियो । महाधिवेशनले अध्यक्षमा जीतजङ्ग बस्नेत, उपाध्यक्ष उत्तम चापागाईं, महासचिव भुपेन्द्रजङ्ग शाही र कोषाध्यक्षमा विद्वान गुरुङलाई सर्वसम्मत चयन गरेको थियो । ९५ सदस्यीय केन्द्रीय समितिले त्यसयता हालसम्म पनि पूर्णता पाउन सकेको छैन ।

वि.सं. २०१० कात्तिक १० गते तत्कालीन कांग्रेस सभापति विश्वेश्वरप्रसाद कोइरालाको समन्वय र निर्देशनमा तरुण दल स्थापना भएको हो । तरुण दलका संस्थापक अध्यक्षमा सिंहध्वज खड्का रहेका थिए । त्यसपछि २०१७ पुस १ गते तत्कालीन प्रधानमन्त्री वीपीले तरुण दलको महाधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गरिरहेका बेला तत्कालीन राजा महेन्द्रले सेनाको बलमा सबैलाई थुनेर 'कु' गरेका थिए ।

राजाले दलमाथि प्रतिबन्ध लगाएको अवस्थामा तरुण दल पनि विघटन हुन पुगेको थियो । वि.सं. २०५४ मा नेपालगञ्जमा भएको कांग्रेसको महासमिति भेलामा तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाले बालकृष्ण खाँणको नेतृत्वमा तरुण दल पुनःस्थापनाको घोषणा गरेका थिए । त्यसपछि हालसम्म तरुण दलमा महादेव गुरुङ, विनोद कायस्थ, महेन्द्र यादव र उदयशम्शेर राणा अध्यक्ष भई सकेका छन् ।

**असोज पहिलो साता नेवि संघ केन्द्रीय समिति बन्दै**

अर्को प्रभावशाली भ्रातृ संस्था नेपाल विद्यार्थी संघ ( नेवि संघ) अहिले नेतृत्वविहीन अवस्थामा छ । संघको ११औं महाधिवेशनबाट निर्वाचित अध्यक्ष नैनसिंह महर नेतृत्वको कार्यसमितिको समयावधि समाप्त भएपछि सात महिनादेखि केन्द्रीय समिति रिक्त छ । संघको ११औं महाधिवेशन वि.सं. २०७३ साउनमा सम्पन्न भएको थियो । अध्यक्ष महरले वि.सं. २०७५ माघ २८ मा पदबाट राजीनामा दिएका थिए ।

वि.सं. २०२७ वैशाख ७ गते पार्टी प्रतिबन्धित अवस्थामा रहेका बेला स्थापना भएको संघमा अहिलेको अवस्थासम्म आइपुग्दा १८ जनाले नेतृत्व सम्हाल्ने मौका प्राप्त गरिसकेका छन् । संघको पहिलो अध्यक्ष विपिन कोइराला रहेका थिए । त्यसयता शेरबहादुर देउवा, विमलेन्द्र निधि, ज्ञानेन्द्रबहादुर कार्की, बलबहादुर केसी, बालकृष्ण खाँण, एनपी साउँद, धनराज गुरुङ, गोविन्द भट्टराई, विश्वप्रकाश शर्मा, गुरुराज घिमिरे, केशव सिंह, किशोरसिंह राठौर, महेन्द्र शर्मा, प्रदीप पौडेल, कल्याण गुरुङ, रञ्जीत कर्ण र नैनसिंह महर अध्यक्ष भइसकेका छन् ।

कांग्रेसको यही भदौ १७ गतेको केन्द्रीय समिति बैठकले म्याद समाप्त भएका भ्रातृ र शुभेच्छुक संस्थालाई छ महिनाभित्र महाअधिवेशन गर्न निर्देशन दिइसकेको छ । पार्टी प्रवक्ता विश्वप्रकाश शर्माले भने आगामी असोज पहिलो साताभित्र नेविसंघ केन्द्रीय समिति गठन भइसक्ने जानकारी दिए ।

**आठ भ्रातृ र छ शुभेच्छुक संस्थाको म्याद समाप्त**

कांग्रेसमा हाल नेपाल महिला संघ, नेपाल तरूण दल, नेपाल विद्यार्थी संघ, नेपाल किसान संघ, नेपाल दलित संघ, नेपाल भूतपूर्व सैनिक संघ, नेपाल प्रजातन्त्र सेनानी संघ, नेपाल आदिवासी जनजाति संघ, राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघ, मुस्लिम संघ नेपाल, नेपाल तामाङ संघ, नेपाल राष्ट्रिय मगर संघ, नेपाल ठाकुर समाज गरी १३ भ्रातृ संस्था छन् । त्यसमध्ये नेवि संघ, प्रजातन्त्र सेनानी संघ, किसान संघ, दलित संघ, आदिवासी जनजाति संघ, लोकतान्त्रिक अपाङ्ग संघ, तामाङ संघ, ठाकुर समाजको समयमै महाअधिवेशन हुन नसकेर केन्द्रीय समितिको म्याद समाप्त भइसकेको पार्टी कार्यालयले जनाएको छ ।

त्यसैगरी कांग्रेसका नेपाल ट्रेड युनियन कांग्रेस, नेपाल सांस्कृतिक संघ, नेपाल गैरसरकारी संस्था महासंघ, प्रजातन्त्रवादी प्राध्यापक संघ, नेपाल डेमोक्रेटिक लयर्स एसोसिएशन, नेपाल प्रजातन्त्रवादी इञ्जिनीयर्स, प्रजातन्त्रवादी चिकित्सक संघ, नेपाल प्रेस युनियन, नेपाल शिक्षक संघ, नेपाल निजामती कर्मचारी युनियन, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरम, प्रशासन व्यवस्थापन र विकास केन्द्र, नेपाल लोकतान्त्रिक शेर्पा संघ, त्रिभुवन विश्वविद्यालय प्रजातन्त्रवादी कर्मचारी संघ, प्रजातान्त्रिक वन प्राविधिक संघ नेपाल, नेपाल कुमाल संघ, लोकतान्त्रिक नेवाःखल र डेमोक्रेटिक एग्रिकल्चरिष्ट एसोसिएशन नेपाल गरी १८ शुभेच्छुक संस्था छन् । त्यसमध्ये प्रशासन व्यवस्थापन र विकास केन्द्र, लोकतान्त्रिक शेर्पा संघ, प्रेस युनियन, वन प्राविधिक संघ, कुमाल संघ र नेवाः खल गरी छ शुभेच्छुक संस्थाको केन्द्रीय कार्यसमितिको म्याद समाप्त भइसकेको छ ।

**१८ जनसम्पर्क समितिको म्याद समाप्त**

त्यसैगरी कांग्रेसका हाल अष्ट्रेलिया, बहराइन, बेल्जियम, क्यानाडा, चीन, साइप्रस, डेनमार्क, फिनल्यान्ड, फ्रान्स, जर्मनी, हङकङ, भारत, आयरल्याण्ड, इजरायल, इटाली, जापान, कुवेत, मकाऊ, मलेसिया, नेदरल्याण्ड, न्युजिल्याण्ड, नर्वे, ओमान, पोल्याण्ड, पोर्चुगल, कतार, दक्षिण कोरिया, स्पेन, साउदी अरेबिया, स्विट्जरल्याण्ड, संयुक्त अरब इमिरेट्स, संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका लगायत ३५ मुलुकमा जनसम्पर्क समिति छन् ।

त्यसमध्ये हाल १८ जनसम्पर्क समितिको समयमै महाधिवेशन हुन नसकेर केन्द्रीय समितिको कार्यकाल समाप्त भइसकेको छ । पार्टीको भदौ १७ गतेको केन्द्रीय समिति बैठकले म्याद समाप्त भएका जनसम्पर्क समितिलाई पनि छ महिनाभित्र महाधिवेशन सम्पन्न गर्न निर्देशन दिने निर्णय गरेको थियो । *रासस*

## स्काभेटरले किचेर एकको मृत्यु

**संखुवासभा, भदौ २९।** संखुवासभाको खाँदबारीमा स्काइभेटरले किचेर सख्त घाइते भएका खाँदबारी-८ का ८५ वर्षीय शहरबहादुर राईको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्तोष राईका अनुसार घाइते राईको तुम्लिङटारस्थित मनकामना अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो ।

तुम्लिङटार-चेवाबैंशी सडकखण्डमा काम गर्दै गरेको स्काभेटरले ती वृद्धलाई किचेको थियो । भोजपुर निवासी स्काभेटर चालक टीकाराम कार्कीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
बिर्तामोड, झापा
सम्पर्क राजकुमार श्रेष्ठ
९८४२६३४६२७/९८०६०१०४१०/ ०२३-५४४३४५ अफिस सम्पर्क: ०२३-५४६००५
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।
मोबाइल : ९८५२६४६००५

## फनमीनका उत्कृष्ट विद्यार्थी पुरस्कृत



**बिर्तामोड, भदौ २९।** राष्ट्रिय बाल दिवसको अवसर पारेर फनमीन इङ्लिस बोर्डिङ स्कूल बिर्तामोड-३ ले सांस्कृतिक कार्यक्रम तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न गरेको छ ।

फनमीन बालक्लवका अध्यक्ष महेन्द्र धमलाको अध्यक्षता तथा बिर्तामोड-३ का वडाध्यक्ष भोजराज सिटौलाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा भाइस प्रिन्सिपल विकास पाठकले स्वागत गरेका थिए ।

कार्यक्रममा विद्यालयका प्रिन्सिपल सुरेन्द्र खरेलले विद्यालयको गतिविधि माथि प्रकाश पारेका थिए । कार्यक्रममा डिल्ली सिटौला, नन्दलाल खरेल, सीपी कडरिया, प्रेम खरेल, देवेन्द्र हुमागाँई, ज्योतिसिंह दर्लामी, ओमकृष्ण विमली लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा विद्यार्थीहरुले गीत, नृत्य, नाटक वक्तृत्वकला, कविता लगायत प्रस्तुत गरेका थिए ।

सोही कार्यक्रममा प्याब्सनको जिल्ला स्तरीय चित्रकलामा मावितर्फ जिल्ला प्रथम, प्रावितर्फ दोस्रो हुने तथा पालिका स्तरीय प्रतियोगितामा विजेता हुने विद्यार्थी र २०७५ को खेलकुद तथा शैक्षिक विधामा विजेता हुने विद्यार्थीहरुलाई पुरस्कार प्रदान गरिएको थियो । कार्यक्रमको सञ्चालन शिक्षक सविना पोखरेलले गरेकी थिइन् ।

रेडिमेड झ्याल, ढोका र स्टील रेलिङ्ग पाउने ठाउँ
बाथरुमका ग्यारेन्टेड ढोका, भित्री 25 mm, 32mmका पेन्टेड, डिजिटल ढोकाहरु, खिया नलाग्ने भित्रि सिंढी र बरन्डाको स्टील रेलिङ, आल्मुनियमका झ्याल, Office Partision, फल्स सिलिङ्ग बनाउनु परेमा सँधै सम्पर्क गर्नुहोला ।
गणपति स्टील एण्ड आल्मुनियम हाउस
सुरुङ्गा, बिर्तामोड (भगवान चौक) र गरामनी
मो. ९८१६००६३७३, ९८१४०५२६०१

UAE को Semi Government कम्पनीमा Security Guard हरुलाई रोजगार
Emirates Security Services
पूर्व स्वीकृति मितिः २०७६/०५/२६ चलानी नं. ६०१४३६११ लट नं. २२४१०४

| पद | संख्या | तलब AED | तलब NR | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|---|
| Security Gaurd | १०० | १२००/- | ३७,४३७ | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

Basic Salary AED 1200 भएता पनि DPS Allowance सहिमत AED 1920 हुनेछ ।
SLC पास उचाई ५ फिट ७ इञ्च र उमेर २१ देखि ३९ बर्षसम्म भएको हुनुपर्नेछ ।
फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट २०७६ भदौ ३१ गते (17 Sep. 2019) मंगलवारका दिन होटल इष्टर्न प्यालेस इटहरीको हुनेछ ।
Asia Link Service Pvt.Ltd.
काठमाडौं (सम्पर्क: ९८१०२२६०१२, ९८५२६७४६२८, ९८०७०७०२२९)

UAE को अवुधावीमा PSBD Security गार्डमा महिला तथा पुरुषको आवश्यकता
कम्पनी : SECURI GUARD MIDDLE EAST, UAE शहर : ABU DHABI
पूर्व स्वीकृति मिति : २०७६/०३/१३ चलानी नं. ६०१४१२८० L.T. NO. 221678


| कामदारको पद | माग संख्या पुरुष | मासिक तलब AED | मासिक तलब नेरु. | ओ.टी./ बार्षिक बिदा | कार्य समय | खान/बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| Security Guard | 200 | 2000 | ६0,000 | क.नि. अनुसार | ८ घण्टा ६ दिन | छ | २ बर्ष |

पूर्व स्वीकृति मिति : २०७४/०६/२२ चलानी नं. ६०११८३६८ L.T. NO. 196877
पुन : पूर्व स्वीकृति मिति : २०७६/०३/०९ चलानी नं. ३०६०

| कामदारको पद | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब नेरु. | ओ.टी./ बार्षिक बिदा | कार्य समय | खान/बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| Security Guard | 175 | 2000 | ६0,000 | क.नि. अनुसार | ८ घण्टा ६ दिन | छ | २ बर्ष |

नोट : उचाई : महिलाको हकमा ५ फिट भन्दा माथि र पुरुषको हकमा ५ फिट ७ इन्च भन्दा माथि हुनुपर्नेछ ।
कम्तीमा एसएलसी पास गरेको र राम्रोसँग अंग्रेजी लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
अन्तर्वार्तामा आउँदा सक्कल राहदानी, योग्यता तथा अनुभवका प्रमाणपत्र लिएर आउँनु पर्नेछ ।
बेशिक सेलरी २000 दिराम भएता पनि ओटी र एलाउस गरी २७७0 हुनेछ
APPROBLE READY भएकाले २० दिन भित्रमा भिषा प्राप्त हुनेछ ।
फाइनल अन्तर्वार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट भदौ 30 गते (16 Sept. 2019) मा होलिडे होम बिर्तामोड, झापामा हुनेछ ।
Lic No. 689/063/064
सन लाइट ह्युमन रिर्सोस प्रा.लि.
सामाखुसी-२९, सामाखुसी टाउन, प्लानिङचोक, काठमाडौं फोन ०१-४३८४८८
मोवाइल नं. 9801408283, 9801033974, 9802070510, 9801033977, 9801033975, 9801023813

## प्रजितालाई मिस तामाङको उपाधि



**झापा, भदौ २९।** मिस तामाङ प्रदेश नं. १ को उपाधि प्रजिता तामाङले हात पारेकी छिन् ।

नेपाल तामाङ घेदुङ संघ उर्लाबारी मोरङको आयोजना तथा नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति धनकुटाको सहआयोजनामा धनकुटाको हिलेमा भएको ग्राण्ड फिनालेमा उनले उपाधि हात पारेकी हुन् । मिस तामाङको उपाधिसँगै उनले एक थान स्कुटी, नगद २५ हजार र विभिन्न शैक्षिक संस्थाको छात्रवृत्तिसँगै गिफ्ट ह्याम्पर समेत प्राप्त गरिन् ।

त्यस्तै फस्ट रनरअपमा सुष्मा तामाङ घोषित भइन् । उनले नगद एक लाखसहित विभिन्न आकर्षक गिफ्ट ह्याम्पर प्राप्त गरिन् । त्यसैगरी मिना तामाङले सेकेण्ड रनरअप हुँदै नगद ५० हजारसहित गिफ्ट ह्याम्पर हात पारिन् । प्रतियोगितामा सहभागीलाई एक-एक वटा टाइटलसहित अवार्ड प्रदान गरिएको थियो ।

विजेताहरुलाई प्रमुख अतिथि पूर्व कानून मन्त्री तथा सांसद शेरबहादुर तामाङ, सांसद नविना लामा, हेयर स्टाइलिस्ट निल डेविड कटुवाल, युवा व्यवसायी फुर्वा लामा, मनोज बुढाथोकी, रमेश चौधरी, तुल श्रेष्ठ, डा. रामबाबु गिरी, धनकुटा नगरपालिकाका मेयर चिन्तन तामाङ, उर्लाबारी घेदुङका राजु घिसिङ, धनकुटा अध्यक्ष विष्णुबहादुर मोक्तान लगायतले पुरस्कार वितरण गरेका थिए ।

# रोङका लाप्चा संगठित

**गणेश अर्याल**

**इलाम, भदौ २९।** गाउँपालिकाकै नाम लाप्चा भाषाबाट राखिएको इलामको रोङ गाउँपालिकामा रहेका लाप्चाहरु संगठित हुन थालेका छन् ।

लाप्चालाई लाप्चा भाषामा रोङ भनिने भएकाले गाउँपालिकाको नाम रोङ रहेको हो । गाउँपालिकाको वडा नम्बर १, २ र ४ मा वडा स्तरीय लाप्चा उत्थान मञ्च गठन गरिएको छ । वडा नम्बर १ मा दिनेश लाप्चाको अध्यक्षतामा लाप्चा उत्थान मञ्च गठन गरिएको छ । सो समितिको उपाध्यक्षमा ललितबहादुर लाप्चा सचिबमा मनिका लाप्चा, सहसचिवमा पदम लाप्चा र कोषाध्यक्षमा मनकुमारी लाप्चा चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा समिर, सुमन, धनमाया र सन छिरिङ लाप्चा चयन भएका छन् ।

त्यस्तै वडा नम्बर २ मा बुद्ध लाप्चाको अध्यक्षतामा बनेको समितिको सचिवमा दिपेन लाप्चा तथा सदस्यहरुमा सुकमित, मानबहादुर, शान्ता, हरि र बन्दना लाप्चा रहेका छन् । त्यस्तै समिति बनाउने क्रममा वडा नम्बर ४ मा पनि सन्देश लाप्चाको अध्यक्षतामा लक्ष्मी



लाप्चा उपाध्यक्ष बिमला लाप्चा सचिव रहेको समिति गठन भएको छ । समितिमा पदम लाप्चा सहसचिव र सम्झना लाप्चा कोषाध्यक्ष रहेका छन् । समितिका अन्य सदस्यहरुमा साबित्रा, सुवास सुकबहादुर र सुधिर लाप्चा रहेको गाउपालिका स्तरीय लाप्चा उत्थान मञ्चका सचिव बिरबहादुर लाप्चाले बताए ।

गाउँपालिका स्तरमा दावा लाप्चाको अध्यक्षतामा समिति बने पनि वडास्तरमा समिति नबनेकाले वडास्तरको समिति बनेको गाउँपालिका स्तरको समितिका सचिब बिरबहादुर लाप्चाले बताए । यसैबीच देशमा लाप्चाहरु लोपोन्मुख अवस्थामा रहे पनि रोङ गाउँपालिकाको जनसंख्याको अनुपातमा लाप्चाहरु लोपोन्मुख नभएको लाप्चा उत्थान मञ्च रोङका सचिव बिरबहादुर लाप्चाले बताए । पूर्वाञ्चलकर्मीसँग कुरा गर्दै विगतको जस्तो बिचरा भनेर अब लाप्चालाई साइड नलगाउन पनि उनले आग्रह गरे । कार्यपालिकाको बैठकमा लाप्चाहरुको बिषयमा ठोस कार्यक्रम आउनु पर्ने बताउँदै सचिव लाप्चाले गाउँपालिकाको बजेटको केही प्रतिशत लाप्चा समुदायको हितमा लगाउनुपर्नेमा जोड दिए । पुरानो मान्यतालाई आत्मसाथ गर्दै युग अनुसार परिवर्तन हुन सक्नु पर्ने पनि उनले बताए ।

रोङ गाउँपालिकाले लाप्चाहरुको भाषा संस्कार जोगाउन पाठ्यसामग्री बनाउन लागेको जनाएको छ । रोङ गाउँपालिकाका छ वटै वडामा २३४ घरधुरी लाप्चा परिवार बसोबास गर्दछन् । गाउँपालिकाको तथ्याङक अनुसार रोङ गाउँपालिकामा पाँच सय ३७ पुरूष र पाँच सय २३ जना महिला गरी एक हजार ६० जना लाप्चाको जनसंख्या रहेको छ । नेपालमा रहेको लाप्चाको जनसंख्याको २८ दशमलब ९० प्रतिशत लाप्चा यही गाउँपालिकामा बसोवास गर्ने गरेको तथ्याङ्क छ । गत आर्थिक बर्षमा रोङ गाउँपालिकालाई गुरुयोजना अनुसारको कार्य गर्नको लागि संघीय सरकारबाट एक करोड ८० लाख रुपैयाँ बजेट प्राप्त भए पनि लक्ष्य अनुसारको काम हुन नसकेको बताइएको छ ।

## बिराज पेन्ट्सद्वारा बिक्रेता सम्मानित



**बिर्तामोड, भदौ २९।** बिराज पेन्ट्स प्रालि भरतपुर चितवनले बिर्तामोडमा शुभकामना आदानप्रदान २०७५ को बार्षिक स्कीम उपहार वितरण, कम्पनी र बिक्रेताबीच अन्तरक्रिया लगायतका कार्यक्रम सम्पन्न गरेको छ ।

बिराज पेन्ट्स प्रालिका अल नेपाल मार्केटिङ म्यानेजर सन्दीप नेपालको अध्यक्षता तथा बिर्तामोड उद्योग वाणिज्य संघका उपाध्यक्ष राजु न्यौपानेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कम्पनिका पूर्वाञ्चल सेल्स अफिसर आसेर दाहालले स्वागत गरेका थिए ।

विराज पेन्ट्सको मेचीका लागि आधिकारिक विक्रेता नेरोल्याक ट्रेडर्सको संयोजनमा भएको कार्यक्रममा हार्डवेयर व्यवसायीहरु युवराज संग्रौला, याम संग्रौला, टोपेन्द्र राजवंशी, गोपाल सापकोटा, हरि घिमिरे लगायतले घरको प्राकृतिक र कलात्मक सजावटका लागि बिराज पेन्ट्स उपयोगी भएको बताएका थिए ।

कार्यक्रममा बिराज पेन्ट्सको मेचीको लागि आधिकारिक बिक्रेता नेरोल्याक ट्रेडर्सका सञ्चालक मिलन शिवाकोटीले बिराज पेन्ट्स स्वदेशी उत्पादन भएको र बिराज पेन्ट्सले विदेशमा उत्पादन भएको पेन्ट्सलाई समेत टक्कर दिएको बताए । उनले विराज पेन्ट्सले छोटो समयमा नै मेची अञ्चलका बजारहरुमा स्थापित हुन सफल भएको समेत बताए ।

कार्यक्रममा २०७५ सालमा वार्षिक बिराज पेन्ट्स बिक्री गर्ने बिक्रेताहरुलाई उपहार समेत प्रदान गरिएको थियो । जस अन्तर्गत वार्षिक ६० लाख बिक्री गर्ने एक जनालाई यामाहा एफजेट मोटरसाइकल, ४५ लाख बिक्री गर्ने एक जनालाई यामाहा रे स्कूटर, २० लाख बिक्री गर्ने चार जनालाई थाइलेण्ड टुर, १० लाख बिक्री गर्ने १० जनालाई भिडियोकन एलइडी टेलिभिजन, पाँच लाख बिक्री गर्ने सात जनालाई सामसुङ जे २ मोबाइल उपहार प्रदान गरिएको नेरोल्याक ट्रेडर्सका सञ्चालक शिवाकोटीले जानकारी दिए ।

सोही कार्यक्रममा विराज पेन्ट्स बिक्री गर्ने मेची अञ्चलका चार जिल्लाका ४० जनाभन्दा बढी डिलरहरुलाई सम्मान समेत गरिएको थियो । त्यस्तै आसन्न दशैं, तिहार, छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान गरिएको कार्यक्रममा चाडपर्व अफरको योजना समेत सार्वजनिक गरिएको थियो।

जनअन्तर्गत मेची अञ्चलका कुनै पनि डिलरहरुबाट २५ हजारको विराज पेन्ट्स खरिद गर्ने ग्राहकले एउटा कुपन प्राप्त गर्ने र लक्की ड्र मार्फत पहिलो पुरस्कार यामाहाको फेशन स्कुटर, दोस्रो भिडियोकन एलइडी टिभी, तेस्रो डेलको ल्यापटप, चौथो वासिङमेसिन, सान्त्वना सामसुङ ए १० मोबाइल प्राप्त गर्ने कार्यक्रम जानकारी दिइयो । कार्यक्रमको सञ्चालन नेरोल्याक ट्रेडर्सका सञ्चालक मिलन शिवाकोटीले गरेका थिए ।

# उपवनलाई पर्यटकीय स्थल बनाउनुपर्नेमा जोड

**रत्नबहादुर बस्नेत**

**बिर्तामोड, भदौ २९।** झापाको बिर्तामोड नगरपालिका-१० स्थित उपवनलाई पर्यटकीय स्थलको रुपमा विकसित गरिने भएको छ ।

चमरधाप टोल विकास संस्थाको आयोजनामा उपबन क्षेत्रका बोटबिरुवाको संरक्षण गर्ने तथा पर्यटकीय स्थलको रुपमा विकसित गर्ने उद्देश्यले आयोजित सरसफाई तथा अन्तरक्रिया कार्यक्रममा यस्तो बताइएको हो । चमरधाप टोल विकास संस्थाका अध्यक्ष ज्ञानेन्द्र कन्दङ्वाको अध्यक्षता तथा बिर्तामोड-१० का वडाध्यक्ष दुर्योधन गुरुङको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा चमरधाप, सापडिग्री क्षेत्रका बासिन्दाहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि वडाध्यक्ष गुरुङले बिर्तामोडकै गहनाको रुपमा रहेको दुई विगाह सात कट्ठा क्षेत्रफलमा फैलिएको उक्त उपवन क्षेत्रलाई पर्यटकीय स्थलको रुपमा विकास गर्नुपर्नेमा जोड दिए । उनले उक्त क्षेत्र नगरपालिका समेतले दश कट्ठा भिन्न प्रयोजनका माग गरे पनि आफू यसलाई टुक्र्याउने पक्षमा नरहेको बताए ।

उपवन तथा समाधिस्थल संरक्षण प्रतिष्ठानका अध्यक्ष समेत रहेका गुरुङले भने- 'प्रतिष्ठानलाई १० नम्बर वडाका सबै बाइस वटै टोल विकास संस्था एकजुट भएर निश्चित योजनाका साथ अघि बढ्नुपर्छ । जसमा माथिल्लो सरकारको साथ रहनुपर्छ ।

कार्यक्रममा सापडिग्री टोल विकास संस्थाका अध्यक्ष मोहनकुमार उप्रेती, उपबन तथा समाधिस्थल संरक्षण प्रतिष्ठानका सचिव पृथ्वी बस्नेत लगायतले २०६९ सालमा उपवन तथा समाधिस्थल संरक्षण प्रतिष्ठानको नाममा दर्ता भएको यसक्षेत्रलाई समग्र वडाको उन्नति र प्रतिष्ठाका लागि उपयोग गर्न प्रतिष्ठान क्रियाशील बन्नुपर्ने बताए । चमरधाप र सापडिग्री टोलको मध्यभागमा अवस्थित उपवन क्षेत्रमा पहिलेदेखि नै आदिवासी जनजाति समुदायले जातीय परम्परा अनुसार कपुर (पक्की चिहान) निर्माण गर्ने गरिएको भए पनि प्रतिष्ठानको मातहातमा आइसकेपछि उक्त क्षेत्रमा देह संस्कारका लागि पक्की घाट (समाधिस्थल) निर्माण गरेर प्रयोग हुँदै आएको स्थानीय बताउँछन् । हाल त्यहाँ सबै समुदायका मानिस सहभागी हुन थालेका छन् ।

कार्यक्रममा कार्यपालिका सदस्य गीता घिमिरे, जर्मन टोल विकास संस्थाका अध्यक्ष प्रभात मुखिया, समाजसेवी कर्णबहादुर गुरुङ, लोकबहादुर राईलगातको आतिथ्य रहेको थियो । कार्यक्रमको सञ्चालन आयोजक संस्थाका सचिव डिल्लीराज भण्डारीले गरेका थिए ।

# 'अहिले हिट हुन सजिलो छ'

स्टेज कार्यक्रमबाट हँसाउन थालेका **राजा राजेन्द्र पोखरेल** अहिले स्थापित नाम हो । रेडियो अडियोमा वरिष्ठ कार्यक्रम निमार्ताका रुपमा कार्यरत् पोखरेलले टेलिभिजनमा कार्यक्रमहरु चलाए, गीत गाए । धेरै देश घुमे । हाँस्यव्यंग्यकार पोखरेल हाल नेपालकै पहिली अभिनेत्री भुवन थापा चन्दले निर्माण गरेको चलचित्र 'साइनो'को प्रचार-प्रसारमा व्यस्त छन् । साइनोमा पोखरेलले पनि अभिनय गरेका छन् ।

गायन, रेडियो कार्यक्रम, स्ट्याण्डअप कमेडी, गाईजात्रा तथा अन्य विभिन्न कार्यक्रहरुको सञ्चालन गर्दै हाँस्यव्यंग्यका एक ताराका रुपमा उदाएका राजा राजेन्द्र पोखरेलको यो दोस्रो चलचित्र हो । यसअघि उनले युवा ज्योतिष हरिहर अधिकारी अभिनित चलचित्र 'शुभ लभ'मा काम गरेका थिए ।

स्ट्याण्डअप कमेडीका साथै हाँस्यव्यंग्य कार्यक्रम सञ्चालन गर्दै उनले नेपालका झण्डै ७० जिल्लाको भ्रमण गरिसकेका छन् । उनले दर्जनभन्दा धेरै देशको भ्रमण समेत गरिसकेका छन् । जब उनले कुनै पनि स्थानमा गएर कार्यक्रम सञ्चालन गर्छन् । त्यसपश्चात भने आयोजकले हरेक कार्यक्रममा उनकै खोजी गर्ने गरेका छन् ।

विभिन्न कार्यक्रमहरुका निम्ति देश-विदेश गइरहनु पर्ने भएका कारण उनी कन्टेन्टमा अपडेट रहने गर्छन् । सानो कुरालाई पनि हाँस्यव्यंग्यका रुपमा प्रस्तुत गर्न सक्ने कला भएका कारण उनी युवापुस्तामा निकै परिचित मानिन्छन् । उनले नेपाली नेताहरुको झण्डै १६ वटा सेटहरु बनाएर क्यारिकेचर गरिसकेका छन् ।

उनलाई मानसिक संघर्षका अथक योद्धाका रुपमा लिइन्छ । साथी सञ्जालमा उत्कृष्ट सम्बन्ध निर्माण गर्न सफल रहेका कारण पनि साथीसंगीका नजरमा कुसल र क्षमतावान व्यक्तित्वको परिचय दिन सफल छन् पोखरेल । त्यसैले पनि उनलाई पछिल्लो समय हाँस्यव्यंग्यका चम्किला ताराका रुपमा हेर्ने गरिएको छ । हामीले उनै हाँस्यव्यंग्यकार राजा राजेन्द्र पोखरेलसँग पछिल्लो समयको स्ट्याण्ड अप कमेडीमा रहेर गफगाफ गरेका छौँ ।



**स्ट्याण्डअप कमेडी भनेको के हो ?**

- स्ट्याण्डअप कमेडी भनेको खास उभिएरै गर्ने कमेडी हो । यसमा यही नियम हुन्छ, यही कुरा राख्नुपर्छ भन्ने हुँदैन । तर, समय परिवेश, अवस्था अनुसार भने यो फरक हुन्छ ।

**पछिल्लो समयको स्ट्याण्डप कमेडीलाई कसरी नियालिरहनु भएको छ ?**

- पछिल्लो समय हुने स्ट्याण्डप कमेडीमा अलि बढी भल्गार शब्दहरु हुने गरेको पाएको छु । यसको मतलव सबैमा त्यस्तो छ भन्ने पनि होइन कतिपय राम्रा कमेडीहरु पनि छन् ।



हामी हाम्रो माटोबाट प्रभावित छौँ । हामी हाम्रो बाटोबाट प्रभावित छौं । त्यो हिसाबले हामी हाम्रो बाटोको कुरा गर्छौं । हाम्रो माटोको कुरा गर्छौं । हामी गन्तव्यको कुरा गर्छौं । हाम्रो समाजको कुरा गर्छौं । हामीले कुनै पनि गलत कुरा छ भने त्यसलाई सुधार गर्नुपर्छ भन्ने कुरा गर्छौं । हामी राजनीतिमा व्यंग्य गर्छौं । हामी सामाजिक विकृतिहरुमाथि व्यंग्य गर्छौं । हामीले गर्ने हाँस्यव्यंग्यका पाटोहरु यिनै हुन् । अब भारतमा हुने स्ट्याण्डप कमेडीलाई हेर्ने हो भने उनीहरु बलिउडको कुरा गर्छन्, क्रिकेटका कुरा गर्छन् अनि श्रीमान्-श्रीमतिको कुरा गर्छन् । त्यो उनीहरुको आफ्नो पाटो भयो । युरोप अमेरिकाको कमेडीलाई हेर्ने हो भने अलि फरक छ । उनीहरु सेक्सको विषयमा कमेडी गर्छन् ।

अब स्ट्याण्डप कमेडीको नाउँमा भल्गार शब्दहरु प्रयोग गर्नेको कुरा गर्दा उनीहरुले त्यही युरोप अमेरिकामा हुने कमेडीलाई फलो गरेका हुन् । उनीहरु हामी जस्तो नेपाली लेबलको मान्छे होइनन् । अन्तर्राष्ट्रिय स्तरका मान्छेहरु हुन् र अन्तर्राष्ट्रिय कमेडीमा त्यो मान्य हुन्छ । यो चिज क्यानडामा सन्नि लियोनीले कुन फिल्म खेल्छिन् र भारतमा आएर कुन फिल्म खेल्छिन् भन्ने कुराले थाह हुन्छ । क्यानडामा खेलेको जस्तो फिल्म सन्नि लियोनीले भारतमा आएर खेल्दिनन् । किनभने त्यो भारतले स्वीकार्न सक्दैन ।

हाम्रा भाइबहिनीहरुले चाहिँ क्यानडाको सन्नि लियोनीलाई फलो गरे त्यो सामान्य कुरा हो । किनभने उनीहरु अन्तर्राष्ट्रिय कमेडियन हुन् ।

**पछिल्लो समय स्ट्याण्डअप कमेडी गर्न धेरै सजिलो छ भन्छन् नी ?**

- हो, पहिला पहिला सफलता प्राप्त गर्न राजा राजेन्द्रहरु दिनरात नभनी स्ट्रगल गर्थे । मान्छे नहाँस्लान् भन्ने तनाव एक हप्ता अगाडिबाट हुन्थ्यो । हेर्ने दर्शकलाई मनोरञ्जन कसरी दिने भनेर अध्ययन गर्थे । तर, अहिले सिम्रन पाण्डेहरु हिट हुन्छन् । अहिले हिट हुन धेरै सजिलो छ । अर्चना पनेरुहरुलाई सजिलो छ । ज्योति मगरहरुलाई सजिलो छ । सरस्वती लामाहरुलाई सजिलो छ । सजिलो छ, सजिलो बनाउँदा सजिलो छ ।

**अब यही हिसाबले अगाडि बढ्दा स्ट्याण्डअप कमेडीको भविष्य कस्तो होला ?**

- यसले स्ट्याण्डअप कमेडीलाई खासै तात्विक असर पार्दैन । मान्छेहरु यस्लाई आँधीबेहरी भन्छन् तर म चैं भन्छु यो आँधीबेहरी होइन । किनभने आँधीबेहरीले पुराना संरचनाहरुलाई पनि बिगार्छ । तर, यो अहिलेको छाडा कमेडीले पुरानो कमेडीलाई खासै असर गर्दैन । म चाहिँ यसलाई भेलसँग तुलना गर्छु । भेल आउँछ जान्छ खासै असर गर्दैन । अहिले युवापुस्तालाई फरक रमाईलोको अनुभूति भएको छ त्यति हो ।


**प्रस्तुतिः मनोज दाहाल**


**स्वदेशी लघुवित्त**
**वित्तीय संस्था लिमिटेड**
(नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'घ' वर्गको राष्ट्रिय स्तरको संस्था)
(फोनः ०२७-५५५२१८)
शाखा कार्यालय तिनघरे, इलामको
**कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी**
**३५ दिने सार्वजनिक सूचना**

यस वित्तीय संस्थाबाट तपशिलमा उल्लेखित व्यवसाय प्रयोजनका लागि लिएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस वित्तीय संस्थासँगको शर्त कबुलियत बमोजिम समय-समयमा तिर्न बुझाउनुपर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा शर्त बन्देज उल्लंघन गर्नुभएकोले पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले यो ३५ (पैंतिस) दिने सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस वित्तीय संस्थाको शाखा कार्यालयमा सम्पर्क राखी यस संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज आदी चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस वित्तीय संस्थाको नीति-नियम बमोजिम आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणीलाई कालोसूचीमा नाम समाबेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपशिलमा रहेको धितोबाट समेत वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, यस वित्तीय संस्थाको कर्जा असुली नीति २०७५ प्रचलित कानून अनुसार ऋणीको चल-अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपशिल**

| ऋणीको विवरण : | धितोमा रहेको सम्पत्ति विवरण | |
|---|---|---|
| नाम : शुस्मिता सिंजाली<br>स्थायी ठेगाना : लक्ष्मीपुर-८, इलाम<br>ना.प्रा.नं. : ०३०२०३- इलाम<br>बुबाको नाम : पदमबहादुर सिंजाली<br>पति : नरेन्द्रबहादुर लायो मगर<br>ससुरा : गंगाबहादुर लायो मगर | नरेन्द्रबहादुर लायो मगरको नाममा मालपोल कार्यालय इलाममा दर्ता कायम रहेको लक्ष्मीपुर-८, इलाम<br>कित्ता नं. ८ (ग) ३३१, ०-५-१-०<br>कित्ता नं. ८ (ग) ३३२, ०-३-२-३ |  |
| नाम : बालकुमारी राई<br>स्थायी ठेगाना : लक्ष्मीपुर-२, इलाम<br>ना.प्रा.नं. : २७७० - इलाम<br>बुबाको नाम : वीरबहादुर राई<br>पति : गिताबहादुर राई<br>ससुरा : रुद्रबहादुर राई | गिताबहादुर राईको नाममा मालपोत कार्यालय इलाममा दर्ता कायम रहेको लक्ष्मीपुर-२, इलाम<br>कित्ता नं. २ (क) ६०, ०-९-०-० |  |
| नाम : थिरबहादुर लिम्बू<br>स्थायी ठेगाना : लक्ष्मीपुर-६, इलाम<br>ना.प्रा.नं. : ०३-१-०२०/९०४९४ - इलाम<br>बुबाको नाम : मनबहादुर लिम्बू<br>बाजे : बेतहाङ लिम्बू | मनबहादुर लिम्बूको नाममा मालपोत कार्यालय इलाममा दर्ता कायम रहेको लक्ष्मीपुर-६, इलाम<br>कित्ता नं. ६ (घ) ६९, २-९-२-०<br>कित्ता नं. ६ (घ) ७०, ०-३-२-३<br>कित्ता नं. ६ (घ) १२, ४-२-१-२ |  |
| नाम : उसा राईमाझी<br>स्थायी ठेगाना : जोरपाटी-८, काठमाडौं<br>ना.प्रा.नं. : ३३३/०४९ - काठमाडौं<br>बुबाको नाम : पदमबहादुर राईमाझी<br>पति : दिलिपकुमार गिरी<br>ससुरा : बृखराज गिरी | दिलिपकुमार गिरीको नाममा मालपोत कार्यालय इलाममा दर्ता कायम रहेको बौद्धधाम-८ इलाम<br>कित्ता नं. ८ (च) १४, १-१-३-३ |  |
| नाम : यामकुमारा महरा<br>स्थायी ठेगाना : शान्तिपुर-८, इलाम<br>ना.प्रा.नं. : ०३-०१-७१-०२१८६-इलाम<br>बुबाको नाम : कृष्णबहादर दर्जी<br>पति : हरि महरा<br>ससुरा : बलबहादुर महरा | हरि महराको नाममा मालपोत कार्यालय इलाममा दर्ता कायम रहेको लक्ष्मीपुर-३, इलाम<br>कित्ता नं. ३ (ङ) १८१, १-०-०-० |  |
| नाम : चामुनादेवी दुलाल<br>स्थायी ठेगाना : माईपोखरी-२, इलाम<br>ना.प्रा.नं. : ३४३/४९१ - इलाम<br>बुबाको नाम : गंगाप्रसाद दुलाल<br>पति : लक्ष्मीकान्त आचार्य<br>ससुरा : बर्मलाल आचार्य | लक्ष्मीकान्त आचार्यको नाममा मालपोत कार्यालय इलाममा दर्ता कायम रहेको लक्ष्मीपुर-३, इलाम<br>कित्ता नं. ३ (ग) २०१, १-१४-०-० |  |

*माथि उल्लेखित ऋणी सदस्यहरुले नजिकको शाखा कार्यालय तिनघरे-इलाममा सम्पर्क राख्नुहोला ।*